## प्रजातन्त्रका आधारभुत पक्षहरू

- संवेधानिक सर्वोच्चता
- मौलिक हक
- बहुलवाद
- मानवअधिकार
- प्रतिस्पर्धा
- विधिको शासन
- शक्तिपृथकीकरण
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास ।

नेपाल सरकार
विज्ञापन बोर्ड



लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

www.rajdhanidaily.com

वर्ष २२, अंक २५८ | बिहीबार ... ंवत् ११४३ | RAJDHANI Nepali National Daily | Thursday 2 March 2023 | पृष्ठ : ८ | मूल्य रु. ५/-





## दरबन्दी छ, स्वास्थ्यकर्मी छैनन्




**हुमाकान्त पोखरेल/राजधानी**
गुल्मी

जिल्ला कारागार गुल्मीमा सिनियर अहेब दरबन्दी भए पनि दुई वर्षदेखि सो दरबन्दीमा स्वास्थ्यकर्मी नहुँदा समस्या भएको छ।

लामो समयदेखि स्वास्थ्यकर्मीका रूपमा कार्यरत प्रकाशचन्द्र घिमिरे स्वास्थ्य मन्त्रालयमा काजमा रहँदा कैदीबन्दीका स्वास्थ्य समस्यासँगै कारागारसमेत संकतमा परेको छ। घिमिरे २०७७ जेठदेखि स्वास्थ्य मन्त्रालयमा छन् । जसले गर्दा कारागारका कैदीबन्दीलाई समस्या भएको हो।

कारागारका सूचना अधिकारी सीता भण्डारीका अनुसार सुरक्षाकर्मीको सहयोगमा कैदीलाई अस्पतालसम्म लैजाने र ल्याउने गरिन्छ । यससम्बन्धमा सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले काजमा रहेका स्वास्थ्यकर्मीलाई फिर्ता बोलाउने र नआए करारमा भए पनि स्वास्थ्यकर्मी नियुक्त गर्ने प्रतिक्रिया दिए।

कारागारमा स्वास्थ्यकर्मी नहुने मात्र होइन, क्षमताभन्दा बढी कैदी हुँदा पनि समस्या भएको छ । २०२४ स्थापना हुँदा 'ङ' वर्गको मान्यता प्राप्त कारागारमा २० पुरुष र ५ महिलाको क्षमता छ। तर, अहिले ८० जना छन्। जसमध्ये ७३ पुरुष र ७ महिला रहेको भण्डारीले जानकारी दिइन्। कारागारमा पुरुषमध्ये ४५ कैदी र २८ थुनुवा छन्।

त्यस्तै, महिलातर्फ ५ कैदी र २ थुनुवा छन्। सबैभन्दा बढी जबर्जस्ती करणी, कर्तव्य ज्यान, चोरी, ज्यान मार्ने उद्योग, सवारी ज्यान, बहुविवाह, सवारी ज्यानलगायत मुद्दाका कैदीबन्दी छन्।

## उपराष्ट्रपति निर्वाचनपछि प्रतिनिधिसभा बैठक



**राजधानी समाचारदाता**
काठमाडौं

उपराष्ट्रपति निर्वाचनपछि मात्रै प्रतिनिधिसभा बैठक बस्नेगरी स्थगित भएको छ।

बुधबार १ बजे डाकिएको बैठक संसद् सचिवालयले सूचना जारी गर्दै उपराष्ट्रपति निर्वाचनपछि मात्रै बस्नेगरी स्थगित भएको जनाएको हो।

सूचनामा उल्लेख भएअनुसार अब ५ चैतमा प्रतिनिधिसभा बैठक बस्ने छ।

आगामी २५ फागुनमा राष्ट्रपति तथा ३ चैतमा उपराष्ट्रपति निर्वाचन तोकिएको छ। दुवै निर्वाचनमा प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभा सदस्य मतदाता हुने छन्।



# प्रदेश-१ 'कोसी'

**विवेक विवश रेग्मी/राजधानी**
इटहरी

प्रदेश-१ को नाम 'कोसी' बहुमतले पारित भएको छ। बुधबार प्रदेश-१ को प्रदेशसभामा पेस भएको नामकरणमा 'कोसी' प्रदेश राख्ने बहुमतले पारित भएको हो।

नेकपा एमालेका रामबहादुर राना मगरले प्रस्ताव गरेको 'कोसी'मा एमाले सांसदद्वय विदुर लिंथेप र नेकपा एमालेका नीरन राईले समर्थन गरेका थिए।

सभामुख बाबुराम गौतमले 'कोसी' नाममा बहुमत भएकाले प्रदेश-१ को नाम 'कोसी' रहने घोषणा गरे। बुधबार राति भएको मतदानमा कोसी प्रदेशको प्रस्तावमा ८२ मत परेको थियो भने विपक्षमा ४ मत खसेको छ। मतदानमा ८६ जना सांसद सहभागी थिए। 'कोसी' प्रदेशमा बहुमत भए पनि असन्तुष्ट बनेको नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी नेपालले भने 'किराँत-लिम्बूवान-सगरमाथा' हुनुपर्ने भन्दै अर्को प्रस्ताव दर्ता गरेको थियो। निवर्तमान मुख्यमन्त्री राजेन्द्रकुमार राईले पेस गरेको प्रस्तावमा जसपाकी निर्मला लिम्बू र नेकपा एसकै कमलप्रसाद जबेगुले समर्थन जनाएका थिए।

दुई तिहाइभन्दा बढी सदस्यले 'कोसी' नामको पक्षमा हात उठाएपछि नामकरणको प्रक्रिया अगाडि बढाइएको थियो। प्रदेशसभा बैठकमा 'कोसी' प्रदेशमा मात्रै छलफल भएको थियो। यसअघि नेकपा एसले प्रस्ताव गरेको 'किराँत-लिम्बूवान-सगरमाथा' प्रदेश नाम अस्वीकृत गरेपछि 'कोसी'मा मात्रै छलफल भएको थियो।

छलफलमा नेपाली कांग्रेसले सबैको भावना समेटिने भएकाले सो नाममा समर्थन गरेको जनाएको छ। नेपाली कांग्रेसका प्रमुख सचेतक भूपेन्द्र राईले सभामा बोल्दै कोसी नाम सबैको सर्वस्वीकार्य हुने बताए। उनले भने, 'प्रदेशको नाम कोसी राख्दा सबै प्रदेशवासीको भावना समेटिने भएकाले हामीले समर्थन गरेका हौं।'

छलफलमा बोल्दै नेकपा माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले संसद्को ठूलो संख्याले कोसी नाम स्वीकार गरेकाले आफूहरूको समर्थन रहेको जनाए।

'संसद्को ठूलो संख्याले स्वीकार गरेको नाममा हाम्रो समर्थन रहन्छ,' उनले भने, 'फेरि निर्वाचनमा प्रदेशका जनताले हामीलाई दुई तिहाइ बहुमत दिएमा पहिचानका आधारमा नाम राख्छौं।' यसअघि पहिचानको आधारमा नाम राख्नुपर्ने अडान पार्टीको भए पनि अहिलेको जनादेश पहिचानको पक्षमा नामकरण गर्न असमर्थ रहेको उनको भनाइ छ।

यस्तै, निवर्तमान मुख्यमन्त्री तथा नेकपा एकीकृत समाजवादी संसदीय दलका नेता राजेन्द्रकुमार राईले जनतासँग गरेको प्रतिबद्धतामा दलहरू इमानदार नभएको तर्क गरे। उनले भने, 'जनतासँग भोट माग्दा पहिचानका पक्षमा टेकेर मत माग्ने, आन्दोलनका लागि मर्न लगाउने प्रदेशको नाम माग्दा कन्जुस्याइँ गर्दा नेताहरू इमानदार भएनन्।' उनले किराँत-लिम्बूवान कुनै जात नभई सभ्यता रहेको बताए।

यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद अम्बरबहादुर बिष्टले प्रदेशको नाम 'कोसी' मा आफूहरूको समर्थन रहेको बताए। यो नाममा सबै प्रदेशवासीको प्रतिनिधित्व हुने उनको भनाइ थियो।

जसपाकी निर्मला लिम्बूले भने कोसी प्रदेश राख्दा आफ्नो असहमति रहेको बताइन्। संसद्मा रोदनमिश्रित भावमा उनले भनिन्, 'मलाई नामकरणको विषयमा हिजो मात्रै थाहा दिएर अपमान गरियो।'

यसअघि एमालेले नामकरणका लागि प्रस्ताव पेस गर्दै कोसी सभ्यता रहेको बताएको थियो। 'प्रदेशले आफ्नो नामकरण प्रदेशसभाबाट आफैंले गर्नुपर्ने दायित्व पूरा गर्न यस प्रदेशमा विकसित भएका हिन्दू धर्म, बौद्ध धर्मको दर्शन, किराँत सभ्यता, मिथिला सभ्यता, लिम्बूवान संस्कृति, विराट क्षेत्रको इतिहास, कोच संस्कार र संस्कृतिसमेतलाई समेट्नेगरी तथा कोसी नदी र यसका शाखा नदीहरूमै ऐतिहासिक, धार्मिक तथा जातजाति, भाषा, सभ्यता र संस्कृतिको विकास भएकाले यस क्षेत्रको मूल आधारका रूपमा हिमालदेखि पहाड र तराईको भू-भागमा कोसी नदी प्रवाहको क्षेत्रभित्रै सम्पूर्ण अवस्थाको वर्तमान र भावी विकास र समृद्धिसमेत जोडिएको हुनाले यस प्रदेशको नाम कोसी प्रदेश राख्न उपयुक्त ठानिएको छ,' प्रस्तावमा भनिएको छ।

प्रदेशको राजधानी भने यसअघि विराटनगर तोकिएको छ। २३ वैशाख २०७६ मा प्रदेशको राजधानी विराटनगर तोकिएको थियो।

प्रदेश-१ मा कुल ९३ जना सांसद छन्। जसमध्ये नामकरणको टुंगो लगाउन ६३ जना सांसद आवश्यक पर्छ। प्रदेश १ प्रदेशसभामा एमालेका ४०, नेपाली कांग्रेसका २९, माओवादीका १३, राप्रपाका ६, नेकपा एसका ४ र जसपाका एक जना सांसद छन्।

## दुई महिनामै भित्रिए १ लाख बढी पर्यटक

**मधुजंग पाण्डे/राजधानी**
काठमाडौं

लामो समय कोरोना महामारीको चपेटामा परेको नेपालको पर्यटन क्षेत्र चलायमान भएसँगै दुई महिनामै १ लाख २८ हजार बढी विदेशी पर्यटक भित्रिएका छन्।

विभिन्न देशबाट भित्रिने पर्यटक संख्यासमेत वृद्धि भएको छ। सन् २०२३ को बितेका दुई महिना जनवरी र फेब्रुअरीमा मात्रै कुल १ लाख २८ हजार ३ सय २९ विदेशी पर्यटक आएका छन्।

नेपाल पर्यटन बोर्डका अनुसार जनवरी र फेब्रुअरीमा पर्यटक आगमन संख्या उत्साहजनक हो। सन् २०२३ को जनवरीमा ५५ हजार ७४ पर्यटक आएका थिए। फेब्रुअरीमा ७३ हजार २ सय ५५ पर्यटक आएको बोर्डको तथ्यांकमा उल्लेख छ।

बोर्डले हवाई मार्गबाट आएका पर्यटकलाई मात्र यसमा समावेश गर्ने गरेको छ। स्थलगत रूपमा विभिन्न नाका हुँदै भित्रिएका पर्यटक संख्या तथ्यांकमा उल्लेख छैन।

अघिल्लो वर्ष सन् २०२२ फेब्रुअरीमा कुल १९ हजार ७ सय पर्यटक आएका थिए। सन् २०२१ को सोही अवधिमा ९ हजार १ सय ४६ पर्यटक नेपाल आएका थिए।

सन् २०२३ को फेब्रुअरीमा ६५ हजार ५ सय ७४ पर्यटक विमानस्थलबाट हवाई मार्ग हुँदै बाहिरिएको पर्यटन बोर्डले जनाएको छ।

बोर्ड प्रवक्ता एवं निर्देशक मणिराज लामिछानेले हाल देखिएको पर्यटक आगमन संख्या उत्साहजनक भएको बताए। छिमेकी देश चीन सरकारले गत ६ फेब्रुअरीबाट आ[illegible]ना नागरिकलाई बाह्य मुलुक भ्रमणमा जान खुला गरेको जानकारी गराउँदै उनले त्यसको सकारात्मक प्रभाव नेपालमा पनि देखिन थालेको उल्लेख गरे।

अहिलेको तथ्यांक समग्रमा हेर्दा भारत र अमेरिकी पर्यटक संख्या विगत वर्षभन्दा बढी देखिएको लामिछाने बताउँछन्।

बोर्डका अनुसार सन् २०२३ फेब्रुअरीमा २ हजार २ सय ६६ चिनियाँ पर्यटक भित्रिएका छन्। अघिल्लो महिना जनवरीमा भने १ हजार ४ सय ३६ चिनियाँ पर्यटक नेपाल आएको बोर्डको तथ्यांकमा उल्लेख छ।

पर्यटन बोर्डले अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन विभागको तथ्यांक आधार मानेर विवरण सार्वजनिक गरेको हो।

सो तथ्यांकअनुसार सन् २०२० पछि यस वर्ष फेब्रुअरीमा सबैभन्दा धेरै संख्यामा पर्यटक भित्रिएका हुन्।

सन् २०२० फेब्रुअरीसम्म कोरोना महामारीको प्रभाव र भ्रमण यात्रामा प्रतिबन्ध थिएन। त्यसपछिको महिनामा भने भ्रमण यात्रामै प्रतिबन्ध लागेको थियो। तथ्यांकअनुसार सन् २०२२ फेब्रुअरीमा १९ हजार ७ सय ६६, सन् २०२१ फेब्रुअरीमा ९ हजार १ सय ४६ र २०२० फेब्रुअरीमा ९८ हजार १ सय ९० पर्यटक नेपाल आएका थिए। सन् २०१९ फेब्रुअरीमा १ लाख २ हजार ४ सय २९ पर्यटक आएका थिए। नेपाल भ्रमणमा आउने विदेशी नागरिकमध्ये भारतीय पर्यटक संख्या सबैभन्दा बढी छ।

२०२३ फेब्रुअरीमा मात्रै भारतबाट १८ हजार ४ सय १ पर्यटक आएका छन्। दोस्रो स्थानमा अमेरिकी नागरिक रहेका छन्। चालू महिनामा अमेरिकाबाट कुल ७ हजार ८ सय ८७ पर्यटक आएका छन्।

तेस्रो स्थानमा थाइल्यान्डबाट आएका पर्यटक संख्या रहेको छ।

थाइल्यान्डबाट फेब्रुअरीमा ४ हजार ८ सय २ पर्यटक आएको पाइएको छ।


यसैगरी, चौथो स्थानमा बेलायतबाट आउने पर्यटक संख्या हरेको छ। बेलायतबाट ४ हजार ३ सय ४५ आएका छन्। यस अवधीमा दक्षिण कोरियाबाट एक महिनामा ३ हजार २ सय ४६ पर्यटक पर्यटन बोर्डले जनाएको छ। यस महिनामा अष्ट्रेलियाबाट २ हजार ९ सय ६९, चीनबाट २ हजार २ सय ६६, म्यानमारबाट २ हजार २ सय ३२, श्रीलंकाबाट २ हजार १ सय ७५ र जर्मनीबाट २ हजार १ सय ८ पर्यटक भित्रिएका छन्।

हाल देखिएको संख्या वृद्धिले पर्यटन व्यवसायीबीच उत्साह छाएको छ। निजी क्षेत्र पर्यटकीय गतिविधि बढाउन होटल विस्तारदेखि पर्यटकीय पूर्वाधारमा धमाधम एकपछि अर्को लगानी गरिरहेका छन्।

स्वदेशी एवं विदेशी लगानीकर्ताबीच देखिएको लगानी बढेसँगै पर्यटक आउने क्रमसमेत धमाधम बढिरहेको व्यवसायी एवं सरोकारवाला बताउँछन्।



## बज्रबाराही वनमा दुर्लभ नीर बिरालो



**युमाश शेर्पा/राजधानी**
चापागाउँ (ललितपुर)

चापागाउँस्थित बज्रबाराही धार्मिक वनमा दुर्लभ वन्यजन्तु 'नीर बिरालो' देखापरेको छ।

स्थानीय जय भण्डारीले बुधबार बिहान 'गाजले नीर बिरालो' आफ्नो क्यामेरामा कैद गरेको जानकारी दिए। 'बज्रबाराही जंगलमा नीर बिरालो पहिलोपटक देखेको हुँ,' उनले राजधानीसँग भने, 'सायद रातको समय काँठ क्षेत्रबाट खाना खोज्ने क्रममा आइपुगेको हुनसक्छ।'

चराविद्समेत रहेका भण्डारी यस्ता दुर्लभ वन्यजन्तु देखिनु सुखद् भएको बताउँछन्। तर, संरक्षण पनि उत्तिकै जरुरी रहेको उनले औंल्याए। उनका अनुसार रातको समय मात्रै सक्रिय हुने 'नीर बिरालो' दिउँसो विरलै देखिने गर्छ।

'बज्रबाराही वनमा दुर्लभ जनावर देखिनु यस भेगकै लागि गौरबको विषय हो तर सम्बन्धित निकायले दीर्घकालीन रूपमा तारबार लगाएरै वन तथा वन्यजन्तु संरक्षण गर्नुपर्छ,' भण्डारी भन्छन्, 'यसमा गोदावरी नगरपालिकाले विशेष निगरानी बढाउनुपर्ने आवश्यक देखिएको छ।'

ठूलो, सानो, गाजले, ताडी र सिलु गरी नीर बिराला पाँच प्रकारका हुन्छन्। यीमध्ये बज्रबाराही धार्मिक वनमा देखिएको 'गाजले नीर बिरालो' हो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार 'नीर बिरालो' नेपालमा अधिक चोरसिकारी तथा अवैध व्यापार हुने वन्यजन्तुमध्ये पर्छ।

शरीरमा फुस्रो खैरो झल्किने खुट्टा गाढा रङका, पुच्छरमा मोटा काला र पातला सेता पट्टी भएका हुन्छन्। यसको काँधदेखि पुच्छरसम्म गएको, शरीरमा गाढा ठाडा तथा तेर्सा धर्का देखिन्छन्।

कुकरजस्तो देखिने यसको शरीर अन्य नीर बिरालोभन्दा ठूलो र तलतिर धस्सिएजस्तो देखिन्छ। खुट्टा छोटा हुन्छन्। राति सक्रिय हुने यो प्राणी साधारण मांसाहारी भएकाले चरा, सर्प, भ्यागुता, अन्डा, गंगटा, माछा, फलफूल र जरा खाने गर्छन्। ठूलो नीर बिरालो महाभारतको पहाड, पतझड, सदावहार वन र मानववस्तीनजिक पाइन्छ।

नेपाल, भारत, बंगलादेश, भुटानलगायत देशमा यो पाइने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ। वर्षमा दुईपटक बच्चा जन्माउने यसले एकपटकमा चार वटासम्म बच्चा जन्माउँछ।

त्यस्तै, सानो नीर बिरालाको शरीर फुस्रो वा खैरो झल्किने हुन्छ। शरीरभर स-साना लाम्चा र गालामा गाढा थोप्ला हुन्छन् भने पुच्छरमा ८ देखि १० वटा काला पट्टी हुन्छन्। घाँसेक्षेत्र र चट्टानयुक्त पहाडमा पाइने यी बिराला नेपालबाहेक चीन, भारत, लाओस, म्यानमार, थाइल्यान्ड, भियतनाम, कम्बोडियालगायत देशमा पाइन्छन्।



खाडी होइन हाम्रै बडीखेल

***ललितपुर गोदावरी नगरपालिका–४ बडीखेलस्थित एक इँटाभट्टामा खच्चरलाई इँट्टा बोकाइँदै । यस भेगमा अहिले इँट्टा बनाउने काम तीव्र बनेको छ । उत्पादित इँट्टा खच्चरलाई नै बोकाइने गरिएको छ ।***

तस्बिर : सुरेम देशार

स्ववियु निर्वाचन

# यस्ता छन् विद्यार्थीका एजेन्डा

**राजधानी समाचारदाता**
काठमाडौं

त्रिभूवन विश्वविद्यालयमा स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनको मिति नजिकिँदै गर्दा विद्यार्थी संगठन घोषणापत्रको अन्तिम तयारीमा लागेका छन् । १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन यसपटक निर्धारित मितिमै हुने भएपछि विद्यार्थी संगठनहरू घोषणापत्रसहित निर्वाचनको तयारीमा जुटेका छन् ।

विद्यार्थी संगठनले आगामी स्ववियु निर्वाचनमा बेरोजगार शिक्षाको अन्त्य गरी रोजगारमूलक शिक्षा र त्रिवि सुधारलाई आफ्नो मुख्य एजेन्डाका रूपमा अगाडि सारेका छन् । आगामी ५ चैतमा हुने निर्वाचनका लागि विद्यार्थी संगठनले स्ववियुलाई युवा संसद्का रूपमा विकास गर्ने, शैक्षिक गुणस्तर सुधार, त्रिविको शैक्षिक क्यालेन्डर सुधार गर्ने, त्रिविका पदाधिकारी नियुक्ति खुला प्रतिस्पर्धा नियुक्ति, पाठ्यक्रम परिमार्जनलगायतका मुख्य एजेन्डा अघि सारेर निर्वाचनमा होमिँदै छन् ।

अनेरास्ववियुका अध्यक्ष समिक बडालले राजनीतिक परिवर्तन भइसकेकपछि मूलतः त्रिविको शैक्षिक गुणस्तर र त्रिविलाई सुधार्ने एजेन्डासहित स्ववियु निर्वाचनमा होमिने बताए । उनले स्ववियु मुलुकको नेतृत्व गर्ने थलो रहेकाले युवा संसद्का रूपमा स्ववियुलाई विकास गर्नुपर्ने बताए । 'विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन यसपटक हुनलागेको छ,' बडालले भने, 'यसपटक हामीले शैक्षिक एजेन्डासहित नेतृत्व विकास गर्ने थलोका रूपमा रहेको स्ववियुलाई युवा संसद्का रूपमा लैजानुपर्छ भन्ने रहेको छ ।'

नेपाल विद्यार्थी संघको स्ववियु निर्वाचन घोषणापत्रका संयोजक पुजन गन्धर्वले घोषणापत्र तयारी गरिसकेको बताए । उनले आफ्नो संगठनको मुख्य एजेन्डा शैक्षिक सुधार नै रहेको बताए । नेविसंघले शिक्षासँगै उद्यमशीलता र शैक्षिक प्रमाणपत्रसँगै रोजगार अभियान सञ्चालन गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षा क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने एजेन्डा अघि सारेको छ ।

यस्तै सबै क्याम्पसमा स्ववियुलाई भ्रष्टाचाररहित बनाई सक्षम नेतृत्व उत्पादन गर्ने थलोका रूपमा विकास गर्ने एवं स्ववियु र क्याम्पसको बजेटको वार्षिक लेखापरीक्षण गरी आर्थिक पारदर्शिता गराउने एजेन्डा पनि नेविसंघले बनाएको छ ।

यस्तै वैज्ञानिक, व्यावहारिक, प्राविधिक र अनुसन्धानात्मक शिक्षामा जोड, माध्यमिक शिक्षा सबै नेपालीका लागि अनिवार्य र निःशुल्क बनाउन र उच्च शिक्षा सबैको पहुँचमा, गुणस्तरीय र सर्वसुलभ बनाउँदै क्रमशः निःशुल्क बनाउने आफूहरूको एजेन्डा रहेको नेविसंघका पूर्वकेन्द्रीय सदस्यसमेत रहेका गन्धर्वले जानकारी दिए ।

अनेरास्ववियु (क्रान्तिकारी) का महासचिव दिपेश पुनले स्ववियु निर्वाचनका लागि घोषणापत्र तयार पारिएको जानकारी दिए । उनले आगामी स्ववियु निर्वाचनका लागि त्रिविलाई बेरोजगार जनशक्ति नभई स्वरोजगार जनशक्ति उत्पादन गर्ने मुख्य एजेन्डा आफूहरूको रहेको बताए । उनले त्रिविका पदाधिकारी भागबन्डा नभई खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्नुपर्ने, शैक्षिक क्यालेन्डर समयमैत्री हुनुपर्ने, उत्पादित जनशक्तिलाई निरन्तर अनुसन्धान, उद्यम, रोजगार बनाउन पहल गर्ने, त्रिविबाट उत्पादित जनशक्ति र बजारबीच सम्बन्ध स्थापित गर्ने एजेन्डा रहेको जानकारी दिए ।

यस्तै वार्षिकमा तीन महिना र सेमेस्टर प्रणालीमा एक महिनाभित्र परीक्षाफल प्रकाशित गर्ने, भौतिक र डिजिटल पूर्वाधार सम्पन्न आधुनिक पाठ्यक्रम अध्ययन अध्यापन गर्ने विश्वविद्यालय निर्माण गर्ने, स्नातकमा १० प्रतिशत, स्नातकोत्तरमा २० प्रतिशत र एमफिलमा २५ प्रतिशत पाठ्यक्रम विदेशी आगन्तुक प्राध्यापकबाट अध्यापन गर्ने व्यवस्था मिलाउने पनि एजेन्डा क्रान्तिकारीको रहेको छ ।

# भण्डारीले ४४ दिन मन्त्रालय सम्हाल्दा



- व्यापार घाटा न्यूनीकरणको पहल
- टिमुरे सुख्खा बन्दरगाह निर्माण प्रक्रिया सुरु
- उद्योग र औद्योगिक क्षेत्र अनुगमन, निरीक्षण
- पुराना रोकिएका काम सञ्चालनमा
- सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग
- गहुँको मूल्य निर्धारण

**राजधानी समाचारदाता**
काठमाडौं

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले ६२ दिनका लागि मन्त्री भई ४२ दिन उद्योग मन्त्रालय सम्हाल्दा व्यापार घाटा न्यूनीकरण, पेट्रोलियम पदार्थको सहज आपूर्ति, खाद्यान्न आपूर्तिको सहजतालगायतका विषयमा गम्भीर भएर लागेको बताएका छन् ।

यसैगरी, यसअघि सो मन्त्रालय सम्हालेका मन्त्रीले सुरुवात गरेका राम्रा कामलाई निरन्तरता दिँदै यस अवधिमा एक दर्जनभन्दा बढी कार्य सुरु गरेको दाबी गरेका छन् ।

एमालेले सरकार छाडेपछि बाहिरिएका भण्डारीले मन्त्रालयबाट पेट्रोलियम अन्वेषणको कार्य अघि र दैलेखमा ४५ रोपनी जग्गा प्राप्तिको निर्णय पारित गराएको पनि बताए ।

उनले १३ माघमा कञ्चनपुरमा रहेको दोधारा चाँदनीमा सुख्खा बन्दरगाह निर्माण गर्ने प्रक्रिया अगाडि बढाइएकोमा मन्त्री भण्डारीले भारतीय राजदूत नवीन श्रीवास्तवसँग दुई पक्षीय सहमतिका लागि छलफल गरेका छन् । कोरोना महामारीका कारण निर्माण रोकिएको रसुवा पुगेर टिमुरे सुख्खा बन्दरगाहका लागि पुनः निर्माण सम्झौता भएको छ ।

जौवादी फलाम उद्योगलगायत अन्य तीनवटा सिमेन्ट उद्योगसम्म पुग्ने पहुँच मार्गको लागि ९ करोड ६७ लाख रकमान्तर गरी निकासा गरिएको साथै २० वटा औद्यौगिक ग्रामका लागि थप रकम निकासा भएको सचिवालयले जनाएको छ ।

भारतबाट पैठारी हुने गहुँ र चिनीको निर्यातसम्बन्धी कार्य अघि बढाइएकोमा नेपालका २५ कम्पनीलाई १० हजार ६ सय ३६ मेट्रिक टन चिनी आयात गर्न पहल भएको छ । जसअन्तर्गत आन्तरिक वितरणको व्यवस्था गर्नेगरी साल्ट ट्रेडिङ र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई सहमति दिइएको निर्वतमान मन्त्री भण्डारीको भनाइ छ ।

भण्डारीसमेतको पहलमा धनगढीको गेटामा रहेको स्वास्थ्य विज्ञान विश्वविद्यालयको शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय मन्त्रिमण्डलबाटै नामकरण भई कार्यान्वयन प्रक्रियामा जाने भएको छ ।

**सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग गर्नुपर्ने**

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले सार्वजनिक निकायमा प्रयोग हुने वस्तुमा स्वदेशी वस्तुको प्रयोग बढाउन निर्देशन जारी गरेको छ ।

सार्वजनिक निकायले मालसामान वा वस्तु उत्पादन गर्ने स्वदेशी उत्पादक एवं नेपाली वस्तु आपूर्ति गर्ने आपूर्तिकर्ताको रोस्टर तयार गरी स्वदेशी उत्पादन नै खरिद गर्ने व्यवस्था मिलाउने आदेश दिइएको छ ।

सार्वजनिक निकायको उपयोगका लागि स्टेसनरी, फर्निचर, मेसिन, औजार जस्ता माल समान खरिद गर्दा उपलब्ध भएसम्म नेपाली मालसमान नै खरिद गर्नुपर्ने सो नभएमा न्यूनतम ५० प्रतिशत स्वदेशी मालसमान खरिद गर्न टिप्पणी आदेशमा उल्लेख गरिएको छ ।

यसैगरी, मन्त्रालयले ५ फागुनमा गहुँको न्यूनतम् सर्मथन मूल्य तोक्नेबारे निर्णय गऱ्यो । सो निर्णय मन्त्रिपरिषद्ले स्वीकृतसमेत गरिसकेको छ । जसअनुसार नेपालमा उत्पादित गहुँको मूल्य प्रतिकुन्टल ३ हजार ३ सय ५१ रुपैयाँ तोकिएको छ ।

नेपालमा उत्पादित अन्नबालीको मूल्य निर्धारणका लागि कृषि मन्त्रालय हुँदै उद्योग मन्त्रालयको निर्णयबमोजिम मन्त्रिपरिषद्ले स्वीकृत गर्ने व्यवस्था छ । मन्त्री भण्डारीको कार्यकालमा मन्त्रालयले फागुन १४ मा कोलकाता पोर्टको जग्गा लिज नवीकरणसम्बन्धी निर्णय गरेको छ । कोलकाता स्थीत बन्दरगाहमा गोदाम राख्न लिजमा लिएको जग्गाको लिज भारत सरकारसँग पुनः नवीकरण गरी काम अघि बढाइएको छ ।

आफ्नो कार्यकालमा विभिन्न जिल्ला भ्रमण गरेका भण्डारीले केही उद्योग र औद्योगिक क्षेत्रको अनुगमन र निरीक्षण गरे । कञ्चनपुर स्थित दैजी-छेला औद्योगिक क्षेत्रको सम्पर्क कार्यालय उद्घाटन गरे । नेपालगन्जस्थित नौवास्ता औद्योगिक क्षेत्रको अनुगमन, निरीक्षण तथा डल्फिन ग्रुपले सञ्चालन उद्योग कम्पनीको अनुगमन गरे । उनले निजी क्षेत्रसँगको समन्वयमा काम गर्ने वातावरण बनाइरहेका थिए ।

# राष्ट्रपति निर्वाचनबारे सांसदलाई अभिमुखीकरण

**काठमाडौं /रास–** नेपाली कांग्रेसको संयोजन र व्यवस्थापनमा आठ राजनीतिक दलका प्रतिनिधिसभा तथा राष्ट्रियसभा सदस्यलाई राष्ट्रपति निर्वाचन केन्द्रित अभिमुखीकरण कार्यक्रम गरिने भएको छ । आगामी २५ फागुनमा हुने राष्ट्रपति निर्वाचनलाई लक्षित गरी आज (बिहीबार) दिउँसो १ बजे आठदलीय सांसदलाई अभिमुखीकरण गर्न लागिएको हो । कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, राष्ट्रिय जनमोर्चा र नागरिक उन्मुक्ति पार्टीका सांसदहरूका लागि अभिमुखीकरण कार्यक्रम गरिने तय भएको कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । ती आठ दलको समर्थनमा कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले राष्ट्रपति पदमा उम्मेदवारी दिएका छन् भने नेकपा एमालेका तर्फबाट उपाध्यक्ष सुवासचन्द्र नेम्वाङले राष्ट्रपतिमा उम्मेद रहेका छन् ।

यसैबीच, नेकपा एकीकृत समाजवादीले यही २५ फागुनमा हुने राष्ट्रपति निर्वाचनमा आठ दलका साझा उम्मेदवार रामचन्द्र पौडेललाई मतदान गर्ने भएको छ । पार्टीको बिहीबार बसेको सचिवालय बैठकले राष्ट्रपति पदका उम्मेदवार पौडेलको पक्षमा मतदान गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए ।


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**संघीय आयोजना कार्यान्वयन इकाई**
जनकपुरधाम, मधेश प्रदेश
धनुषा

**बोलपत्र आह्वान सम्वन्धी सूचना**

**सुचना नं : १३-०७९/८०**
**प्रकाशन मिति:** २०७९।११।१८

यस इकाई अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथमपटक सुचना प्रकाशित भएको मितिले ३२ औ दिन (मिति २०७९।१२।१९ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट *www.bolpatra.gov.np/egp* बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Estimated Cost (w/o VAT and contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | FPIU/Dhanusha /Works/NCB/42-2079/80 | Urban infrastructure construction works at Jaleshwor Municipality, Mahottari. | ***NCB, SSDE*** | **52,00,000.00** | **10,000.00** |
| 2 | FPIU/Dhanusha /Works/NCB/43-2079/80 | Road Improvement works from Parkauli Chowk to Mahottari Section, Jaleshwor Border Town, Mahottari | ***1,00,65,997.39*** | **2,85,000.00** | **3,000.00** |

साथै यस अघि विभिन्न मितिमा प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Name and address of bidder | Bid amount (w/o VAT) |
|---|---|---|---|---|
| 1 | FPIU/Dhanusha /Works/NCB/35-2079/80 | Renovation works, flooring and finishing works at Auditorium Hall, Mahendra Narayan Nidhi Mithila Cultural Centre, Janakpurdham, Dhanusha. | **The Designers Nepal Pvt. Ltd., Bhaktapur** | 2,97,19,752.66 |
| 2 | FPIU/Dhanusha /Works/NCB/36-2079/80 | Various Road and Drain Improvement Works at Kalanki Chowk -Godaita Bazar-Bagdaha Mod Godaita-10, Haripurwa-9, and Khutauna Purwari Tole-Ward No. 1 Border, Malangwa-6, Sarlahi. | **Rabbani Construction, Jaleshwor, Mahottari** | 2,13,15,179.00 |
| 3 | FPIU/Dhanusha /Works/NCB/37-2079/80 | Various Road and Drain Improvement Works at Lalbandi-4, Lalbandi-5, Gole Chowk Lalbandi-10 to Lalbandi-11, and Ranigunj Lalbandi-17 Sarlahi. | **Chaudhary Nirman Sewa, Janakpur-15** | 2,19,13,283.60 |
| 4 | FPIU/Dhanusha /Works/NCB/40-2079/80 | Fencing Works at Proposed Park West to Ratu Khola, Bardibas-1, Mahottari | **Santosh Nirman Sewa, Chhireshwornath-10, Dhanusha** | 47,22,066.55 |




# अख्तियार प्रवक्तामा दाहाल

**राजधानी समाचारदाता**
काठमाडौं

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नयाँ प्रवक्ताको जिम्मेवारी आयोगकै सहसचिव भोला दाहाललाई दिएको छ । आयोगले १६ फागुनदेखि लागू हुनेगरी दाहाललाई प्रवक्ताको जिम्मेवारी दिइएको विज्ञप्तिमार्फत जानकारी दिएको छ । आयोगका प्रवक्ता तथा सहसचिव श्यामप्रसाद भण्डारीको अन्यत्र सरुवा भएपछि रिक्त रहेको प्रवक्ताको जिम्मेवारीमा दाहाललाई ल्याइएको अख्तियारले जनाएको छ ।

# खर्च कटौती गर्न बाग्मती प्रदेशको १८ बुँदे निर्णय

## बोतलको पानी नकिन्नेदेखि मूल सडकका भवन भाडामा नलिनेसम्म

**सरिता दाहाल/राजधानी**
चुरेमकवानपुर

बाग्मती प्रदेश सरकारले निजी कम्पनीले बोतलमा भरेर बेच्ने पानी उपभोग नगर्ने निर्णय गरेको छ। प्रदेशको सबै निकायले सामुदायिक तथा सरकारी खानेपानी आपूर्ति प्रणालीबाट वितरित पिउने पानी प्रयोग गर्ने निर्णय गरेको हो।

प्रदेश सरकारले पानी आपूर्ति प्रणालीबाट आपूर्ति नहुने अवस्थामा मात्र निजी कम्पनीबाट जारमा आपूर्ति हुने पिउने पानी खरिद गर्ने तर बोतलमा भरिएको पानी खरिद नगर्ने निर्णय गरेको हो।

बाग्मती प्रदेश सरकारले चालू खर्च कटौती तथा सुधार गर्न यस्तो निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले बताए।

१२ फागुनमा बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारले खर्च कटौती गर्ने निर्णय गरेको थियो। यसैअनुरूप खर्च कटौतीका लागि १८ वटा निर्णय गरेको हो।

प्रदेश सरकारको चालू खर्च कटौती गर्न इन्धन, फर्निचर, भ्रमण खर्चजस्ता शीर्षकमा उल्लेखनीय खर्च हुनुले प्रदेश सरकारको खर्च व्यवस्थापनमा सुधार गर्नुपर्ने भन्दै यस किसिमको खर्चले प्रदेशको उत्पादन, रोजगारी सिर्जना र प्रदेशको संस्थागत योगदान नगर्ने भएकाले यसतर्फ विशेष ध्यान जान जरुरी रहेको मन्त्री थपलियाले बताए।

पुँजीगत खर्च बढाउन विषयगत मन्त्रालयसँग निरन्तर समन्वय भइरहेको पनि मन्त्री थपलियाले बताए। चालू आर्थिक वर्षमा बाग्मती प्रदेशको पुँजीगत बजेट ४१ अर्ब ८४ करोड र चालू बजेट २७ अर्ब ९ करोड रुपैयाँ छ।

खर्च कटौती गर्न भन्दै बाग्मती प्रदेश सरकारको मुख्यमन्त्री भएपछि शालिकराम जमकट्टेलले मन्त्रालयको संख्या १४ बाट ११ मा झारेका छन्। प्रदेश नीति तथा योजना आयोगमा एक जना उपाध्यक्ष र दुई जना सदस्यबाहेक तत्काल थप सदस्य नियुक्ति नगर्ने मन्त्री थपलियाले बताए। यो निर्णयले चालू आर्थिक वर्षमा २३ प्रतिशत खर्च कटौती हुने प्रदेश सरकारले लक्ष्य लिएको मन्त्री थपलियाको भनाइ छ।

प्रदेश सरकारले सार्वजनिक गरेको खर्च कटौती निर्णयमा चालू आर्थिक वर्षका लागि चालूतर्फ विनियोजित रकममा प्रत्येक मन्त्रालयले कम्तीमा १५ प्रतिशत कटौती गर्नेदेखि सबै निकायको इन्धन, मर्मतसम्भार, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका छपाइ तथा सञ्चार, सफ्टवेयर खर्चमा समेत २० प्रतिशत कटौती गर्ने निर्णय गरेको छ।

बैठकले चालू आर्थिक वर्षका लागि चालूतर्फ विनियोजित रकममा प्रत्येक मन्त्रालयले कम्तीमा १५ प्रतिशतले कटौती गर्ने र गोष्ठी, सेमिनारजस्ता कार्यक्रमको वार्षिक लक्ष्यमा कम्तीमा ३० प्रतिशतले कटौती गर्ने निर्णय गरेको छ। यस्ता कार्यक्रम आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिएर मात्र गर्ने भएको छ।

यसैगरी, बैठकले कर्मचारीलाई पुँजीगत प्रकृतिका आयोजना तथा कार्यहरूको अनुगमन तथा मूल्यांकनबाहेक चिठीपत्र ओसारपसार, कार्यालय निरीक्षणजस्ता कामका लागि अत्यावश्यक अवस्थामा मात्र सीमित दिनका लागि काजमा खटाउने निर्णय गरेको छ।

मन्त्रालय तथा निकायले यसअघि खरिद प्रक्रिया सुरु गरिसकेका बाहेक यस वर्ष सवारीसाधन र कम्प्युटर खरिद नगर्ने, नयाँ कार्यालय स्थापनाबाहेक फर्निचर खरिद नगर्ने, नयाँ कार्यालय स्थापना भएको हकमा नेपाली फर्निचर र फर्निसिङका सामग्री मात्र खरिद गर्ने भएको छ।

सवारीसुविधा पाउने पदाधिकारी/कर्मचारीलाई कार्यालयहरूले प्रदेश सरकारी खर्चको मापदण्ड, २०७८ मा उल्लेख भएबमोजिम मात्र इन्धन उपलब्ध गराउने व्यवस्था पालना गर्ने/गराउने भएको छ। गोष्ठी/छलफल, प्रशिक्षण, सेमिनार, अन्तर्क्रियाजस्ता कार्यक्रम सम्भव भएसम्म सरकारी कार्यालय/निकायको हलमा सञ्चालन गर्ने भएको छ।

यस्तै, प्रदेश सरकारलाई आर्थिक भार पर्नेगरी कुनै पनि कर्मचारीलाई वैदेशिक तालिम वा अध्ययनमा सहभागी गर्न मनोनयन नगर्ने निर्णय पनि गरिएको छ।

२०७९ फागुनदेखि चालू आर्थिक वर्षको अध्ययन/भ्रमण कार्यक्रम सञ्चालन नगर्ने, विभिन्न मन्त्रालय/निकायका सम्पर्क कार्यालय १ फागुनबाटै बन्द गर्ने, कार्यालयमा पंखा, हिटर, एयर कन्डिसनजस्ता विद्युतीय सामग्रीको मितव्ययी प्रयोग गर्ने, पानी तताउने, चिया पकाउने कार्यमा विद्युतीय चुल्हो अनिवार्य रूपमा प्रयोग गरी क्रमशः एलपी ग्याँस पूर्ण रूपमा विस्थापन गर्ने निर्णय गरिएको छ।

चालू आर्थिक वर्षमा थप कार्यालय स्थापना र दरबन्दी सिर्जना नगर्ने, अनिवार्य दायित्वबाहेक कार्यक्रम खर्च शीर्षकमा थप रकम माग नगर्ने, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई कुनै पनि निकायले आर्थिक दायित्व पर्ने कुनै निर्णय नगर्ने निर्णय पनि भएको छ।

प्रदेश सरकारले सामान्यतया आर्थिक सहायता प्रदान नगर्ने, ससर्त/निःसर्त अनुदान शीर्षकमा विनियोजित बजेटमा थप रकम निकासा नगर्ने, अन्य शीर्षकबाट रकमान्तर नगर्ने र विभिन्न संघसंस्थाका वार्षिक उत्सव, तालिम, गोष्ठीजस्ता कार्यका लागि अनुदान प्रदान गर्न माग नगर्ने निर्णय भएको छ।

अनिवार्य दायित्वबाहेकका पदाधिकारी र कर्मचारीलाई उपलब्ध गराउने बैठकभत्ता, भ्रमणभत्ता, अतिरिक्त काम गरेबापत भत्ताजस्ता कार्यमा थप रकम माग नगर्ने निर्णय पनि गरिएको छ। प्रदेश निकायहरूले घरभाडामा लिँदा मूल सडक र व्यापारिक क्षेत्रमा भाडामा नलिने, भित्री सडक र गैरव्यापारिक क्षेत्रहरूका भवन भाडामा लिने व्यवस्था गर्ने र घरभाडामा विनियोजित रकममा थप रकम माग नगर्ने निर्णय बैठकले गरेको छ।

# अमोर बालगृहको सामाजिक परीक्षण

**स्याङ्जा/रास-** स्याङ्जाको एक मात्र बालगृहको सामाजिक परीक्षण गरिएको छ। स्थानीय सामाजिक अभियन्ताबाट सञ्चालनमा रहेको अमोर सेवा नेपाल बालगृहको सामाजिक परीक्षण गरिएको हो।

बालगृह सरकारी मापदण्डअनुसार सञ्चालन भएको छ वा छैन, आम्दानीको स्रोत, वार्षिक कार्यक्रमको अवस्थालगायतका विषय परीक्षण गरिएको थियो। झन्डै १० वर्षदेखि स्थानीयको साधनस्रोतबाट सञ्चालन हुँदै आएको बालगृहमा अहिले अनाथ टुहुरा ३० जना बालबालिका रहेका छन्।

फेदिखोला गाउँपालिका-१ मा रहेको बालगृहको अधिवक्ता भीमप्रसाद पौडेलले सहजीकरण गरेका थिए। उनका अनुसार बालगृह अहिलेसम्म वैदेशिक सहायताबिना सञ्चालन हुनु नै सबल पक्ष रहेको बताए।

स्थानीय साधनस्रोतबाट बालगृह सञ्चालन गर्न कठिन भएको देखिए पनि बालगृहले दिनुपर्ने सुशासनको व्यवस्था निकै राम्रो रहेको पौडेलको भनाइ छ। सरकारी मापदण्डलाई आत्मसात् गर्दै केही समस्या देखिए पनि त्यस्ता विषयलाई सुधार गर्दै लैजानुपर्ने सुझाव उनले दिएका छन्।

बालगृहको समयमै नवीकरण, समाज कल्याणमा आबद्धतालगायतका विषयमा ध्यान दिएको पौडेलले बताए। जिल्लाको एक मात्रै बालगृह भए पनि सरकारको नीतिगत आर्थिक सहयोगमा भने पछाडि पर्दै आएको छ।

उद्योगी व्यवसायी, सामाजिक अभियन्ता र केही स्थानीय सरकारले गरेको सहयोगले बालगृह यहाँसम्म आइपुग्नु आफैंमा राम्रो पक्ष देखिएको छ। अमोर सेवा नेपालसँग आबद्धता भएका साधारण सदस्यको अथक मेहनतले बालगृहले सफलता पाउँदै जानु अर्को सबल पक्ष रहेको सरोकारवालाले जोड दिए।

बालगृहलाई सरकारी तवरबाट नीतिगत आर्थिक सहयोग गर्नुपर्नेमा अमोर सेवा नेपालकी अध्यक्ष कमला पराजुलीले जोड दिइन्। संस्थाले लिएको लक्ष्य पूरा हुन नसके पनि बालगृहलाई नमुना बनाउन आफूहरू अगाडि बढेको जानकारी उनले दिइन्। 'निकै आरोह, अवरोह पार गर्दै बालगृहलाई यहाँसम्म ल्याउन सफल भएका छौं,' उनले भनिन्, 'यसको सबै श्रेय सामाजिक व्याक्तित्वलाई जानेछ, अब सरकारले पनि यसमा चासो दिनुपर्नेबेला आएको छ।'

# योजना बैंकको तयारीमा हलेसी तुवाचुङ नगरपालिका

**राजधानी संवाददाता**
खोटाङ

खोटाङको हलेसी तुवाचुङ नगरपालिकाले योजना बैंक तयार गर्नेगरी नगर योजना आयोग गठन तथा सञ्चालन ऐन पारित गरेको छ। नगरपालिकाको समग्र विकासका लागि नगर विकाससम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा, सुशासन प्रवर्द्धन, अनुगमन, मूल्यांकन गर्दै दिगो विकास तथा सहश्राब्दी विकास लक्ष्य प्राप्त हुनेगरी ठोस योजना तर्जुमा गर्न आवश्यक राय, सल्लाह तथा परामर्श लिन नगर योजना आयोग गठन तथा सञ्चालन ऐन पारित गरेको हो।

आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा उल्लेख भएबमोजिम हिउँदेसभामार्फत नगर योजना आयोग गठन तथा सञ्चालन ऐन पारित गरिएको हलेसी तुवाचुङ नगरपालिकाकी प्रमुख विमला राईले बताइन्। नगर प्रमुखको अध्यक्षतामा गठन हुने ११ सदस्यीय नगर योजना आयोगले नगरपालिकाको समग्र विकास प्रक्रिया र त्यसको प्रतिफलमा पहुँच अभिवृद्धि र स्थानीय शासन प्रवर्द्धन गराउनेगरी नगर योजना तथा नीति तर्जुमा गर्नका लागि आर्थिक योजना र विकासलगायतका क्षेत्रमा राय सल्लाह एवं परामर्श दिने, नगरपालिकाका विभिन्न क्षेत्रमा विकासका सम्भावना र अवसरलाई बृहत्तर अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नगर योजना तर्जुमा गर्ने, सम्पूर्ण वडाको सन्तुलित विकासका लागि आवश्यक नगर विकाससम्बन्धी नीति, रणनीति र योजना तर्जुमा गर्नेछ।

यस्तै, नगरपालिकाको विकासका लागि १० वर्षे, पाँचवर्षे कार्ययोजना, २० वर्षे दीर्घकालीन योजना तयार गर्ने र सोको आधारमा योजनाको अध्ययन विश्लेषण गरी योजना बैंक तयार गर्ने, नगरपालिकाभित्रका प्राकृतिक स्रोत र साधनको दिगो तथा कुशल व्यवस्थापनका लागि आवश्यक नीति तथा योजना तर्जुमा गर्ने, नगरपालिकाभित्रका राजस्व र आर्थिक अधिकारको प्रयोजनका लागि प्रमुखसमक्ष सिफारिस गर्ने, प्रदेश तथा संघीय सरकारसँग अनुदान, वैदेशिक सहायता र ऋण प्राप्त गर्ने सम्बन्धमा नगरपालिकाको आवधिक, मध्यकालीन वित्त संरचना तयार गर्ने नगर प्रमुख राईले बताइन्। नगरपालिकाले स्वीकृत गरी लागू गरेका नीति, योजना तथा कार्यक्रमको अनुगमन गरी समीक्षात्मक प्रगति प्रतिवेदन तयार पार्ने, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग तथा संघीय र प्रादेशिक अर्थ मन्त्रालय तथा योजना आयोगसँग सम्पर्क र समन्वय गर्नेछन्।

आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा, अन्य प्राकृतिक स्रोत र मानव स्रोत व्यवस्थापन, सुशासन तथा व्यवस्थापन, उद्योग, वाणिज्य तथा आपूर्ति, कानुन, न्याय तथा मानवअधिकार, लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी तीन जना विषयविज्ञ आयोगको सदस्य मनोनीत हुने ऐनमा उल्लेख छ। एक महिला अनिवार्य हुने तीन विषयविज्ञमध्येबाट एक जना उपाध्यक्ष चयन हुनेछन्। विषयविज्ञका रूपमा मनोनित हुने सदस्य कम्तीमा स्नातक उत्तीर्ण गरी सम्बन्धित विषयममा पाँच वर्ष विशिष्ट अनुभव हासिल गरेको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको, प्रचलित कानुनबमोजिम कालोसूचीमा नपरेको र विदेशको आवासीय भिसा, डीभी, पीआर स्वीकार नगरेको योग्यता हुनुपर्ने भनिएको छ।

### अटो पल्टिँदा एकको मृत्यु

**तुलसीपुर/रास-** दाङको तुलसीपुरमा अटो पल्टिँदा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्।

मृत्यु हुनेमा तुलसीपुर-३ दमारगाउँ निवासी ३६ वर्षीय केदार भण्डारी रहेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी निरीक्षक पर्वत केसीले बताए।

भण्डारीको कोहलपुरमा उपचारको क्रममा मंगलबार दिउँसो पौने ३ बजे मृत्यु भएको प्रहरीले बताएको छ। अर्का घाइते तुलसीपुर-९ बेलुवा निवासी २५ वर्षीय सन्तोष वलीको तुलसीपुरमै उपचार भइरहेको छ।

तुलसीपुर-३ दमारगाउँबाट दोघरेतर्फ जाँदै गरेको रा१ह ४० ९९ नम्बरको अटो बिहान पौने ९ बजे दमारगाउँनजिकै अनियन्त्रित भई पल्टिँदा दुर्घटना भएको थियो।

**VACANCY ANNOUNCEMENT**

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the post of **Nursing Assistant (Physiotherapist) for ECHS Polyclinic Kathmandu.**
2. For qualification, work experience, salary, terms & conditions and other details, see website. **www.indembkathmandu.gov.in**
3. Applications to be submitted at the following address by **12 Mar 2023 :-**

**AMA (ECHS), ECHS Branch, Embassy of India, Kathmandu. Phone : 01-4001569**

# कैलालीमा यो वर्ष तोरी उत्पादन बढ्ने

**धनगढी/रास-**कैलालीमा यो वर्ष तोरीको उत्पादन बढ्ने भएको छ। यो वर्ष हिउँदे झरी नपरेका कारण गत वर्षभन्दा कम्तीमा ७ प्रतिशतले तोरी उत्पादन बढ्ने अनुमान रहेको छ।

सुदूरपश्चिमको कैलाली र कञ्चनपुर जिल्लामा तेलहन बाली तोरीको उत्पादन राम्रो हुन्छ। कैलालीको १३ वटै पालिकामा किसानले तोरी खेती गर्दै आएका छन्। धान खेतीपछि किसानले तोरी लगाउने गरेका छन्। किसानले एकल तथा घुसुवा बालीका रूपमा तोरी खेती गर्ने गरेका छन्। तोरी खेती गर्न सहज र बजार सजिलै पाउने भएकाले तोरी फलाउने किसानको संख्या बढी रहेको कृषि ज्ञान केन्द्र कैलालीका कृषि अधिकृत श्यामराज जोशीले बताए।

'तोरी खेती गर्न सजिलो छ उत्पादन भएको बिक्री गर्न पनि सजिलो छ,' उनले भने, 'पहिले घरमा प्रयोग गर्न पुग्ने हिसाबले तोरी लगाउँथे भने अहिले मूल्य राम्रो पाउने भएकाले तोरी खेतीमा कैलालीका किसानको आकर्षण बढेको छ।'

कैलालीमा गत वर्ष १३ हजार ९ सय ५१ हेक्टर क्षेत्रफलमा तोरी खेती गरिएको थियो। गत वर्ष तोरी लगाउने समय र हिउँदमा पनि पानी पर्दा उत्पादन घटे पनि यो वर्ष मौसम अनुकूल भएकाले उत्पादन बढ्ने कृषि अधिकृत जोशीले बताएका छन्।

'गत वर्ष अधिक वर्षाका कारण कैलालीमा १३ हजार २ सय ९९ टन तोरी उत्पादन भएको थियो। यो वर्ष अनुकूल मौसम भएकाले कम्तीमा ७ प्रतिशत उत्पादन बढ्ने अनुमान गरेका छौं। तथ्यांक संकलनको काम भइरहेको छ,' जोशीले भने।

विगतमा किसानले घरेलु प्रयोगमा पुग्ने हिसाबले मात्रै तोरी खेती गर्थे भने अहिले भने बजारमा बिक्री गर्न पनि बढी क्षेत्रफलमा खेती गर्न थालेका छन्। तोरी लगाउँदा तीनवटा बाली भित्र्याउन पाउने, खेतीपाती गर्न सहज हुने, बजारमा तोरीले राम्रो मूल्य पाउने र सहजै बिक्री हुने भएकाले किसानको तोरी खेतीमा आकर्षण बढेको कृषि अधिकृत जोशीले बताए।

## Devchuli Municipality, Office of Municipal Executive

**Pragatinagar, Nawalparasi (East)**

**Invitation for Bids**

***Second Date of publication: 2079/11/18 (2023-03-02)***

1. Devchuli Municipality invites bids under e-procurement system from eligible bidders for the construction of following works under Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Devchuli Municipality, phone no. 078-575476 or may visit PPMO website www.bolpatra.gov.np/egp and look after the published bid by Devchuli Municipality.
3. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: NIC ASIA BANK** **Name of Office: DEVCHULI MUNICIPALITY**
   **Office Code no. Ga-1.1** **Office Account no.: 0772050029165002**
   **Rajaswa (revenue) Shirshak . : Aantrik Rajshwa Khata**
4. The name and identification details of the contract are as follows:

| Contract No. | Description of Works | Estimated Amount (Without VAT and P.S NRs). | Bid Security Amount (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time | Bid Document fee Non Refundable (NRs.) |
|---|---|---|---|---|---|---|
| DEV/NCB/WORKS/04/2079-080 | Blacktopped (Aspalt) Work in five different section of ward 06,08,11,12 and 13 | 64,85,820 | 2,00,000 | 17th March, 2023 ,12:00 Hours NST | 17th March 2023,13:00 Hours NST | 3000 |
| DEV/SQ/GOODS/04/2079-080 | Procurement of fabricated steel parts and Transportation of fabricated steel parts up to destination ward-15, Salghari. | 14,82,126 | 40,000 | 17th March, 2023 ,12:00 Hours NST | 17th March, 2023 ,13:00 Hours NST | 1000 |

**CHIEF ADMINISTRATIVE OFFICER**

# प्रहरी भ्यानबाटै भागेका बलात्कार आरोपी पक्राउ

**जनकपुरधाम/रास-** धनुषा प्रहरीको भ्यानबाट हाम फालेर फरार भएका बलात्कारका आरोपित तीन दिनपछि पक्राउ परेका छन्।

गत आइतबार साँझ करिब ७ बजे धनुषाको शहीदनगर नगरपालिका-३ स्थित यदुकुहा र सशस्त्र क्याम्पबीच नहरमा हाम फालेर फरार भएका सबैलाई नगरपालिका-१३ किरतपुर बस्ने २८ वर्षीय राजाबाबु मुखियालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

मंगलबार राति करिब सवा १२ बजे जिल्ला प्रहरी कार्यालय र मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरबाट खटेको संयुक्त टोलीले मुखियालाई जनकनन्दनी गाउँपालिका-१ इनरुवास्थित भारतीय सीमानजिकबाट उनलाई पक्राउ गरिएको धनुषाका प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए।

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मिति २०७९/११/१८ गते)

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भई समूहको कम्पाउण्डमा घाटगद्धी भएको साल ए, बी र सी ग्रेड गरी जम्मा १६७ गोलिया संख्याको १३६८.९३ क्यु.फि काठलाई सिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्रि गर्नुपर्ने भएकोले मूल्य अभिबृद्धि करमा दर्ता भई वन पैदावार सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी, ब्यक्ति, फर्म वा कम्पनी, उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र १६ औं दिनको दिउँसो ३ बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्नहुन सम्वन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**श्री बिरेन्द्र सामुदायिक वन उपभोक्ता समूह**
घोडाघोडी नगरपालिका-१०, कैलाली

## नारायणी नदी व्यवस्थापन आयोजना

**भरतपुर, चितवन**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मिति : २०७९/११/१८)**

यस कार्यालयबाट मिति २०७९/०९/२९ गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्धारित अवधि भित्र पेश भएका बोलपत्रहरु मध्ये तपशिलका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०७९/११/२५ गते बिहान ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| S.N. | Contract ID No. & Description of Works | Successful Bidders |
|---|---|---|
| 1 | NRMP-NCB-Works-Susta-05-079/80 (Construction of Earthen Embankment with Boulder filled step and slope revetment and solid spur, Susta Rural Municipality-05, Susta, Nawalparasi (Bardghat Susta West)) | 1. M/S Pashupati Nirman Sewa Pvt. Ltd, Dipendranagar-10, Bharatpur, Chitwan |
| | | 2. M/S Shakti Shiva Construction, Bharatpur, Chitwan |
| | | 3. M/S Sameer Construction, Ramgram-5, Nawalparasi |
| | | 4. M/S KBC Builders Company Pvt Ltd., Bharatpur-10, Chitwan |
| 2 | NRMP-NCB-Works-KK-06-079/80 (Construction of RBM Embankment with Gabion Slope Revetment and Launching at Kayar (Kayarmara) Khola, Khairahani Na. Pa.-1, Gairighat, Chitwan District) | 1. M/S Shakti Shiva-Friendship J.V., Bharatpur, Chitwan |

**आयोजना निर्देशक**

## फलेवास नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**खानीगाउँ, पर्वत**
गण्डकी प्रदेश, नेपाल
मिति :२०७९/११/१८ गते

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०७९/११/१८

यस कार्यालयबाट मिति २०७९/१०/०४ गते प्रकाशित वोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका तपसिल बमोजिमको बोलपत्र सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | प्रभावग्राही देखिएका वोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.क.र पि.यस बाहेक) |
|---|---|---|---|---|
| १ | PM/W/NCB/5/ 079/80 | Construction of water supply work at khanigaun | Phalewas Nirman Sewa , Phalewas-05,Parbat | 26,29,146.00 |
| २ | PM/W/NCB/6/ 079/80 | Construction of water supply work at thapathana | Phalewas Nirman Sewa , Phalewas-05,Parbat | 33,03,418.65 |
| ३ | PM/W/NCB/7/ 079/80 | Construction of water supply work at mudikuwa | Phalewas Nirman Sewa , Phalewas-05,Parbat | 28,67,177.00 |

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

### लघुवित्तमा मौलाउँदो सुदखोरी अन्त्य गर

लघुवित्त अहिले साना किसान तथा गरिब जनताका लागि सुदखोरीको अर्को रूप देखिन थालेपछि यसको कानुनी मान्यतामा समेत प्रश्न उठ्न थालेको छ । स्थानीय आर्थिक समस्या समाधान र उद्यमीका लागि सहयोगी सिद्ध हुने परिकल्पना गरिएको लघुवित्त अहिले उल्टै स्थानीय जनताको घरबास उठाउन साधक बन्न थालेको छ । घरको आर्थिक अवस्थामा सुधार ल्याउन, साना व्यवसाय सञ्चालन गर्न, घरखर्च टार्न, शिक्षा तथा स्वास्थ्यका समस्या समाधान गर्न स्थानीय जनताले लघुवित्त संस्थाबाट लिएका ऋण तिर्न नसकेर घरवास लिलामी हुन थालेपछि जनता सडकमा उत्रन थालेका छन् ।

अहिले लघुवित्त संस्थाका कार्यालयभन्दा पनि लघुवित्त संस्थालाई नियमन र अनुगमन गर्ने सरकारी विभाग तथा कार्यालयमा पीडितले धर्ना दिन र ऋण तिर्ने नयाँ मापदण्ड कायम गर्न माग राख्न थालेका छन् । हरेक महिना किस्ता तथा ब्याज तिरे पनि ऋण रकम जस्ताको तस्तै रहने मात्र नभई हरेक वर्ष ऋण चुलिएर जान थालेपछि ऋण लिएका जनता आत्तिन थालेका छन् । धेरैका घरमा ताला लागिसकेका छन् । धेरैको धितो राखिएका जग्गा लिलाम भइरहेका छन् ।

लघु वित्तमा बुझ्न जाँदा ऋणीलाई राम्ररी बुझाउने प्रयास पनि गरिँदैन । तपाईंले ऋण लिने तर त्यसको ब्याज र किस्ता नतिर्ने भन्दै उल्टै थर्काउने गर्दछन् । ऋणीहरूलाई चुपचाप घरमा फर्कने अवस्था सिर्जना गराइन्छ । सेवाशुल्क, पेनाल्टी जस्ता कुरा ऋणीले बुझ्दैनन् । समयावधिबारे पनि ऋणी अनविज्ञ नै हुन्छन् । कतिपय ठाउँमा त ऋणीलाई ऋण किस्ता र ब्याज दिनका लागि संस्थाको बैंक खाता उपलब्धसमेत गराइएको हुँदैन । त्यहाँ काम गर्ने कर्मचारी वा अरू यस्तै व्यक्तिका वैयक्तिक खाता नम्बर उपलब्ध गराइएको हुन्छ । यस्ता रकम महिनौंसम्म पनि जम्मा भएको नदेखिने र जम्मा भइहाले पनि दिएको पूरा रकम जम्मा नगरिदिएको देखिने गरेको छ । ठगी कागजपत्रमा भन्दा पनि कागजपत्रबाहिर हुने गरेको देखिन्छ । कतिपय ठाउँमा आफूले तिर्नुपर्ने रकम कति छ, किस्ता कति बाँकी छ भनेर सोध्दाभोलि आउनुहोला भन्दै फिर्ता पठाउने चलन व्यापक छ । यसले पनि अनियमितता भइरहेको स्पष्ट देखाउँछ । कतिपय ठाउँमा तपाईंको रकम जम्मा गर्ने मानिस फिल्डमा गएकाले उहाँ आएपछि हामी सम्पर्क गर्छौं भनीफिर्ता पठाइन्छ । यस्ता कुरामा ऋणी उदार रहन्छन् । फलतः लघुवित्तमा ठगी धन्दा मौलाउने गरिरहेको छ ।

२०६२/६३ को जनआन्दोलनसँगै संघीय नेपालको रूपरेखा तयार हुँदै गर्दा लघुवित्त परिचालन तथा वित्तीय संस्थालाई आर्थिक परिवर्तनको 'राम वाण'का रूपमा अघि सारिएको थियो । तर, यिनै लघुवित्तीय संस्थाले स्पष्ट कानुनको अभावमा ग्रामीण साहूहरूले गर्दै आएको सुदखोरीलाई नयाँ रूपमा अघि बढाएका छन् । यस्ता वित्तीय संस्थाको क्रियाकलापमा समयमै ख्याल गरी आवश्यक स्पष्ट नीति, नियम तथा कार्यक्रम निर्माण गरिनु जरुरी भइसकेको छ । सरकारले बैंकिङ कारोवारमार्फत जान, अनजानमा वा कानुनको अभावमा हुन गइरहेको नयाँ सुदखोरीलाई समयमै नियन्त्रण गर्नु अति आवश्यक भइसकेको छ ।

# समाजवादी पाठ्यक्रमको रुपरेखा

**समाजमा व्याप्त समस्या समाधान गर्न सक्ने शिक्षा नीति, उद्देश्य, विषयवस्तु र कार्य योजना समावेश गरिएको शैक्षिक योजना समाजवादी पाठ्यक्रम हो**



डा. देवीप्रसाद आचार्य

पाठ्यक्रम विद्यार्थीको सर्वांगीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सीप र अनुभवको विस्तृत योजना हो । राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले पाठ्यक्रमलाई शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो, भन्यो । शिक्षा शब्दकोषले पाठ्यक्रमलाई उद्देश्य, लक्ष्य, विषयवस्तु, प्रक्रिया, स्रोत र मूल्यांकनको साधन हो, भन्छ । पाठ्यक्रमलाई युनेस्कोले शिक्षाको उद्देश्य प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरिएको योजना र निर्देशनअनुसारको सम्पूर्ण अनुभवको सँगालो हो, भनेको छ । पाठ्यक्रमविद् हिल्टा टावाका अनुसार पाठ्यक्रम विद्यालयभित्र र बाहिर विद्यार्थीमा ऐच्छिक उपलब्धिहरू प्राप्त गराउन विद्यालयद्वारा निर्माण गरिएको योजना हो, भन्ने छ । यसरी समग्रमा हेर्दा पाठ्यक्रम शैक्षिक उद्देश्यहरू प्राप्त गर्न निर्माण गरिएको योजना तथा कार्यक्रमका रूपमा बुझिन्छ ।

माथिका पाठ्यक्रमसम्बन्धी परिभाषाले शिक्षाको उद्देश्य र उपलब्धि हासिल गर्ने माध्यमका रूपमा अर्थ्याए तापनि शिक्षार्थीलाई कस्तो ज्ञान, एवं सीप प्रदान गर्न कस्तो योजना हो, भन्नेबारे ठोसरूपमा दिशा निर्देश गरेको पाइँदैन । त्यसो त शिक्षाको उद्देश्य, ज्ञान एवं सीपको निर्धारण देशको भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनीतिकलगायतका तत्त्वको आधारमा निर्भर हुन्छ । अहिले हाम्रो देश लोकतान्त्रिक राज्यव्यवस्थाको राजनीतिक संरचानामा अगाडि बढिरहेको छ । नेपालको संविधान २०७२ मा समाजवादउन्मुख समाजको स्थापना गर्ने भनिएको छ । राजनीतिशास्त्रले समाजवादलाई विभेदरहित समाजको अर्थ लगाउँछ । हाम्रो समाजमा आर्थिक, समाजिक, सांस्कृतिक एवं राजनीतिकलगायतका समस्याहरू छन् । उल्लेखित समस्या समाधान गर्ने उपाय शिक्षा हो । तसर्थ, समाजका व्याप्त समस्या समाधान गर्न सक्ने शिक्षानीति, उद्देश्य, विषयवस्तु र कार्य योजना समावेश गरिएको शैक्षिक योजनालाई समाजवादी पाठ्यक्रम भनिन्छ ।

आर्थिक समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा समाजमा रहेको गरिबी हटाई नागरिकलाई समृद्ध बनाउनु समाजवादको मर्म रहेको पाइन्छ । राजनीतिक चश्माको परिदृष्यमा नागरिकका अधिकारलाई देशको मूल कानुनमा दस्तावेजीकरण गरेपछि समाजवादको बाटो तय भएको अर्थ लगाइन्छ । मानव अधिकारवादीका दृष्टिकोणमा समाजका हरेक तह र तक्काका जनताले समान हक र अधिकारको उपयोग गर्न कानुनीराज भएको समाजको राज्य प्रणाली नै समाजवाद हो भन्ने छ । संस्कृतिविद्ले समाजका हरेक जातजाति, भाषभाषी, धर्म, संस्कृति र सम्प्रदायका मानिसमा सहभावसहितको अभ्यास समाजवाद नजिक हुन्छ, भन्दछन् । उनीहरूले सांस्कृतिक रूपान्तरणमा जोड दिएको पाइन्छ ।

शिक्षाशास्त्रीले व्यक्ति, समाज र सिंगो देशलाई गरिबीबाट सम्पन्नतातर्फ, अज्ञानताबाट ज्ञानतर्फ, अन्धविश्वासबाट वैज्ञानिक विचारतर्फ बदल्नका लागि तत्अनुरूपको समयसापेक्ष शिक्षाको खाँचो हुन्छ, भन्छन् । यस दृष्टिकोणबाट हेर्दा माथि उल्लेखित न्यारेटिभ्सहरूको आशयलाई उद्देश्य, कार्य योजना र उपलब्धि समावेश गरिएको पाठ्यक्रलाई समाजवादी पाठ्यक्रम भन्न व्यावहारिक ठहर्छ ।

वर्गरहित समाज निर्माण गर्नका लागि देशका हरेक नागरिक श्रमप्रेमी, उत्पादनशील र आयआर्जनमा संलग्न हुन आवश्यक हुन्छ । आर्थिकरूपमा असमानताका सीमाहरू घटाउन व्यक्ति तथा समाजलाई आत्मनिर्भर बनाउन व्यावसायिक शिक्षा चाहिन्छ । हाम्रो देशको सन्दर्भमा शिक्षा व्यावसायिक छैन । कृषिप्रधान देशका नागरिकका लागि आधुनिक कृषि शिक्षासम्बन्धी अध्ययन अध्यापन छैन । कृषि क्षेत्रमा गरी खाने शिक्षाअन्तर्गत कृषि उत्पादन, पशुपन्छी पालन, माछा पालन, तरकारीखेती, पुष्पखेती फलफूल उत्पादन, रेसम खेती, माहुरी पालन, केरा, कागती, कफीलगायतका उत्पादनलाई आधुनिकीकरण तथा यान्त्रिकीकरण गरी आयआर्जनको स्रोत बनाउन सक्ने विषयवस्तुको ज्ञान र कार्यगत क्षमता प्रदान गर्न सक्ने शैक्षिक गोरेटो नै समाजवादी पाठ्यक्रम हो । देशका शिक्षालयबाट आर्जन गरेका शैक्षिक उपलब्धिले आफ्नो गाउँ ठाउँको हावा, पानी र उत्पादनको सम्भावनाका आधारमा गाई, भैंसी, भेंडा, बाख्रा, च्यांग्रा, कुखरा, सुँगुर, चौंरीलगायतका पशुपन्छीपालनका आधुनिक फर्महरू स्थापना गरी यो क्षेत्रलाई व्यवसायीकरण र बजारीकरण गर्न सक्ने प्रयाप्त ज्ञान एवं सीप भएको प्रविधिमैत्री पाठ्यक्रम नै समाजवादी पाठ्क्रम हो ।

जीवन उपयोगी शिक्षा आजको आवश्यकता हो । व्यक्तिगत, सामाजिक र राष्ट्रिय जीवनका हरेक क्षेत्रमा उपयोग गर्न सकिने शिक्षा नै समाजवादी शिक्षा हो । व्यक्तिलाई स्वरोजगार बनाउन सक्ने शिक्षा । आयआर्जनका बाटाको पहिचान गराउन सक्ने शिक्षा । कृषि उत्पादनमा आधारित उद्योगहरू स्थापना गरी रोजगारीको सिर्जना गर्न सक्ने शिक्षा । समाजमा रहेका परम्परागत पेसा र उत्पादनलाई आधुनिक प्रविधिसँग जोडर आयआर्जनको स्रोत बनाउन सक्ने शिक्षा । उद्योग, व्यापार, व्यवसाय, होटेल, पर्यटनलगायत क्षेत्रलाई आयआर्जनको माध्यम बनाउन सक्ने व्यावसायिक शिक्षा । वैज्ञानिक चेतना भएको अनुसन्धानमूलक शिक्षा । अथवा उल्लेखित ज्ञान, सीप र गुण भएको शैक्षिक कार्यक्रमसहितको पाठ्यक्रम नै समाजवादी पाठ्यक्रम हो ।

सांस्कृतिक रूपान्तरणको दृष्टिकोणबाट समाजवादी पाठ्क्रमको कुरा वैज्ञानिक चेतना भएको जनशक्ति उत्पादन गर्न सक्ने शिक्षाको कुरा आउँछ । हाम्रो समाजमा अनेक प्रकारका सामाजिक कुरीतिहरू छन् । शिक्षित वर्गले पनि सामाजिक कुरीति तथा अन्धविश्वासलाई जीवनपद्धतिबाट किनारा लगाउन सकेको अवस्था छैन । परम्परागत सांस्कृतिक चालचलन एवं रीतिरिवाजका अवैज्ञानिक तथा असामाजिक अभ्यासहरू यत्र, तत्र, सर्वत्र छन् । शिक्षित, साक्षर र असाक्षर सबैमा पुरातनवादी चिन्तन र अभ्यास व्याप्त रहेको पाइन्छ । केवल गाउँ, भूगोल र सम्प्रदायको आधारमा अभ्यासहरू भने फरक फरक छन् ।

> राज्यले शिक्षालाई उपदेश र सिद्धान्तको ज्ञानभित्र सीमित नगरी व्यक्ति समाज र सिंगो देशलाई आर्थिक र सामाजिक रुपान्तरण गर्नसक्ने शैक्षिक प्रणालीमा ढाल्नुपर्छ

समाजमा छाउपडी, देवकी, घुम्टो प्रथा, धामी, झाँक्री, बोक्सी, जातीय, लैंगिक, दाइजोलगायतका समस्या सामाजिक रूपान्तरणका अवरोधकका रूपमा रहेका छन् । यसरी हेर्दा सांस्कृतिकरूपमा सामाजिक विभेदलाई शिक्षितले मस्तिष्कबाट पन्छाउन र जीवन पद्धितमा लागू गराउन सक्ने पाठ्यक्रम नै सामाजिक र सांस्कृतिक कोणबाट हेर्दा समाजवादी पाठ्यक्रम हो ।

विज्ञान र अनुसन्धानका दृष्टिकोणबाट हेर्दा हाम्रो देशमा प्राकृतिक स्रोत, साधन, खानी खजनाका रूपमा रहेका सुन, चाँदी, तामा, फलाम, हिरा, मोती, युरेनियम, कोइला, पेट्रोलियम पदार्थलगायतका सम्पतिको विशाल भण्डार छ । उल्लेखित वस्तुहरूको पहिचान, उत्खनन तथा उपयोग हुन सकेको छैन । उनीहरूले खोज, अनुसन्धान, उत्खनन् र उपयोग गर्नका लागि वैज्ञानिक यन्त्रको निर्माण गरेका छन् । वैज्ञानिक यन्त्रको विकास गर्न सयौं वर्ष खर्चेका छन् । अर्बौं लगानी गरेका छन् । विकसित देशले आफ्नो देशमा रहेको प्राकृतिक स्रोत र साधनको उपयोग गर्न सकेकाले सम्पन्न भएका हुन् ।

वर्तमान अवस्थामा हामीहरूले उनीहरूले जस्तो वैज्ञानिक यन्त्रहरूको निर्माणमा समय खर्च गर्नु पर्दैन । केवल विश्वबजारमा उपलब्ध भएका वैज्ञानिक यन्त्र तथा प्रविधिको पहिचान र प्रयोग गरी देशमा भएको प्राकृतिक स्रोत र साधनको खोज, अनुसन्धान, उत्खनन, उद्योगीकरण गर्न सक्ने वैज्ञानिक ज्ञान र सीप भएका दक्ष जनशक्ति उत्पादन गर्ने शिक्षाको गोरेटोरूपी पाठ्यक्रम नै आजको सन्दर्भमा समाजवादी पाठ्यक्रम ठहर्छ ।

समाजवादी शिक्षाको कुरा गर्दा सबैमा शिक्षाको पहुँच पनि अनिवार्य सर्त हुन आउँछ । अझै पनि हाम्रो देशमा लाखौंको संख्यामा विद्यालय उमेर समूहका बालबालिका विद्यालय शिक्षाबाट वञ्चित छन् । राज्यले विद्यालय तहसम्मको शिक्षालाई निःशुल्क भनिए तापनि व्यावहारिकरूपमा लागू हुन सकेको छैन । देशमा सार्वजनिक र निजी गरी दुई प्रकारको शिक्षा छ । निजी शिक्षालय सर्वसाधारणको पहुँचमा छैनन् । समाजका पिछडा वर्गका बालबालिका विद्यालय शिक्षाबाट बाहिर भएको तथ्यांकले पुष्टि गर्दछन् । विशेष त घरवारबिहीन सुकम्बासी, पूर्वकमैया, कमलरी, पूर्वहलिया, लोपउन्मुख जाति, मुसहर, राउटे, चेपाङ, पासी, चमार, डोम, वादी, माझी, कुसन्डा, गन्दर्भ, मुस्लिम समुदायलगायतका पिछडा वर्गका वालवालिकाहरू संख्यात्मक रुपमा विद्यालय शिक्षाबाट वञ्चित भएको तथ्यांक छ ।


यस सन्दर्भमा उल्लेखित वर्ग, जात र समुदायका बालबालिकालाई विद्यालयमा ल्याउने नीति, कार्यक्रम र अभ्यास सहितको पाठ्यक्रम नै समाजवादी पाठ्यक्रम हो । जहाँ गरिवीको रेखा मुनी बाँच्न विवस घर परिवारका वालवालिकाहरूले कमाउँदै पढ्दै गर्न सक्ने ढाँचाको पाठ्यक्रमलाइ समाजवादी पाठ्यक्रम मान्न सकिन्छ ।

अन्त्यमा सबैको लागि शिक्षा समयको माग हो । सबैलाई शिक्षा दिनु राज्यको दायित्व हो । शिक्षाक्रम हुनेखाने वर्गको ज्ञान आर्जनको माध्यमको रूपमा मात्र काम गर्नु हुँदैन । शिक्षा विपन्नवर्गका गरी खाने माध्यम बन्नु पर्दछ । बनाइनु पर्दछ । यसर्थ शिक्षाको गोरेटो पाठ्यक्रम भएकोले पाठ्यक्रमा समावेश गरिने निर्देसित उदेस्यहरूमा आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका समस्याहरू हटाउन सक्ने बिषयबस्तुहरूको अध्ययन अध्यापन, प्रयोग र प्रतिफल हासिल हुनसक्ने शैक्षिक योजना नै समाजवादी पाठ्यक्रम हो ।

अब राज्यले शिक्षालाई उपदेश र सिद्धान्तको ज्ञान मात्र आर्जन गर्ने स्रोतबाट बदलेर व्यक्ति समाज र सिंगो मुलुकलाई आर्थिक र सामाजिक रूपान्तरण गर्नसक्ने शैक्षिक प्रणाली लागु गरोस् । शिक्षालाई विज्ञान, अनुसन्धान, रोजगार, उद्यम, उत्पादन र आयआर्जनसँग जोडोस् । सिकाइ र उपलब्धिलाई प्रयोगवादी बनाओस् । व्यबहारवादी बनाओस् । गरी खाने बनाओस् ।

# निकास, प्रवृत्ति र राजनीतिक सत्ता

**राजनीतिक नेतृत्वले आफ्नो प्रवृत्ति सुधारेर देश बनाउने साझा संकल्पसहित कामको थालनी गर्नुपर्छ**



विष्णुप्रसाद खनाल

भनिन्छ कुनै पनि निश्चित वर्गले राज्यको शक्ति हासिल गर्दैन, बरु त्यो आफै राज्य बन्छ तर अर्थतन्त्रले राजनीतिको दिशानिर्देश गर्दछ । नेपालमा धेरै सामाजिक आन्दोलन भए जसको बलमा लिंग, जातजाति, विशिष्ट राजनीति र वातावरणको वरपर संगठित भए तर आर्थिक निर्धारणवाद र वर्गसंघर्ष सधै चलिरह्यो । देश विकासको अवस्था र देशमा राजनीतिक दलहरूको अवस्था उनीहरूको आर्थिक अवस्थाले निर्धारण गर्न थाल्यो । नेपालमा निष्ठा र विचारको राजनीति हराउँदै गएको अवस्था छ । यस्तो अवस्थामा देश राजनीतिले निकास पाउने कुरा कल्पनाको कुरा मात्रै हो ।

नेपालको राजनीतिक सत्तामा हरेक महिना गठबन्धनहरू बन्छन् र टुटदै जान्छन् फेरी नयाँ गठबन्धन बन्छ । राज्यको तीन अंङ्गहरू कार्यपालिका,व्यवस्थापिका र न्यायपालिकाको बीचमा शक्ति सन्तुलन र शक्ति सङघर्षको कुरामात्रै नभएर एकअर्कामा हस्तक्षेपको कुरा त छँदै छ त्यसको अलवा देशमा राजनीतिक दलबीच समेत शक्ति सन्तुलनको मात्रै नभएर शक्तिको होडबाजी चल्दै गएपछि गठबन्धन बन्दै भत्किँदै गएका छन् ।

एकातिर देशको भइरहेको गतिरोधको निकास दिने नाममा देशका प्रमुख राजनीतिक दलबीच तछाँडमछाडको अवस्था छ भने विदेशी शक्तिकेन्द्रले समेत चासो बढाउन थालेका छ जुन कुरा देशको लागि सुभ संङ्केत भने होइन् र यस्ता प्रवृतिले स्थान पाइरहँदा देशले निकास पाउन सकेको छैन् । राजनीतिक दलमात्रै नभएर शक्ति सामाजिक केन्द्रका सबै क्षेत्रमा उपस्थित हुने र राजनीतिक राज्य कुनै एकल क्षेत्रमा सीमित नहुँने हुँदा एकठाउँमा पर्ने प्रभावले देशको सबै क्षेत्रमा प्रभाव पर्ने गरेको छ । हुन त राज्य आधुनिक समाजको सबैभन्दा शक्तिशाली संस्था हो जसले देशको भूभागभित्र शक्तिको वैधानिक अधिकार प्राप्त गरेको हुन्छ त्यही शक्ति प्राप्त गर्न राजनीतिक दलबीच संघर्ष भइरहन्छ ।

राजनीतिक दलले देशलाई निकास दिने नाममा जनातालाई मात्रै होइन सेना, प्रहरी प्रशासन, कर्मचारी प्रशासन र व्यावसायिक क्षेत्र र राजनीतिलाई समेत प्रभावमा पारिरहेका हुन्छन् । निकास, प्रवृत्ति र राजनीतिक सत्तासँग तन्त्र पनि जोडिएको हुन्छ । नेपाली राजनीतिक इतिहासमा राणातन्त्र, पञ्चयततन्त्र, राजतन्त्र, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र जस्ता तन्त्रहरू जोडिँदै आएका छन् भने देशमा कर्मचारीतन्त्रको हालीमुहाली त छँदै छ । त्यसमा झनै भ्रष्टाचार र बेथिति मौलाएको छ ।

डेबिट हेल्डले लोकतन्त्रका ६ वटा नमुनाहरू शास्त्रीय लोकतन्त्र, संरक्षणवादी लोकतन्त्र, विकासवादी लोकतन्त्र, सहभागितामूलक लोकतन्त्र,भूमण्डलीकृत लोकतन्त्र,मार्क्सवादी लोकतन्त्र जस्तो लोकतन्त्र, नेपालमा नभएका होइनन तर कार्यन्वयन नै नभएपछि लोकतन्त्र भएर मात्र हुँदैन् । नेपालको राजनीतिमा शास्त्रीय लोकतन्त्रको झल्को अहिले पनि देख्न सकिन्छ जुन लोकतन्त्रमा तत्कालीन समयमा नीति निर्माण गर्न नागरिकहरू भेला हुन्थे, देश सरकारी अधिकारी चिठ्ठा र निर्वाचनबाट जाने गर्दथे तर अहिले राजनीतिक कोटा र नेताको खल्तीबाट जाने गर्दछन् । शास्त्रीय लोकतन्त्रमा प्रत्येक नागरिकले कम्तीमा आफ्नो जीवनको एकपटक भए पनि सहभागिता जनाउन पाउँथ्यो तर अहिले त एउटै व्यक्ति पटक पटक संसदमा पुग्ने, मन्त्री बन्ने र सरकारको नेतृत्व गर्ने गरेका छन् ।

शास्त्रीय लोकतन्त्रमा सबै मानिसबीच समानता, कानुन र न्यायको सम्मान र स्वतन्त्रता, समाजका सबै क्षेत्रमा कानुनको समान व्यवहार, प्रत्येक नागरिकलाई कानुन र सत्ताप्रति बफादारिता हुने वातावरण थियो तर नेपालको अहिलेको अवस्था त्यतिसम्म पनि विकशित हुन सकेन् । लोकतन्त्रका आधारभूत खम्बाहरू स्वतन्त्रता, न्याय र जनताको सार्वभौमसत्ता भए तापनि नेपालमा यी तत्त्वहरू देखावटी मात्रै रहेका छन् ।

सन्दर्भ शास्त्रीय लोकतान्त्रिक अवस्थाको मात्रै होइन, राजनैतिक क्रियाकलापको पनि हो । संरक्षणवादी लोकतन्त्रले समेत राज्यका सवै तहमा नागरिकको समान समभागिताको सवाललाई उठाउने गर्दछ तर सत्रौ शताब्दीमा देखा परेको संरक्षणवादी लोकतन्त्र समेत नेपालमा हालसम्म कार्यान्वयनमा आउन नसक्नु बिडम्बनाको विषय हो । हुनत सवै नागरिकहरू राजनैतिक सत्तामा पुग्न नसक्लान तर उनीहरूको प्रतिनिधित्व पनि प्रभावकारी हुन नसक्दा लोकतन्त्रमाथि नै प्रश्न उठ्न थालेको छ ।

प्रश्न यहाँनेर पनि छ यदि लोकतान्त्रिक व्यवस्थामा राज्यले देशभित्र जनताको जीविको पार्जनको अवस्था सिर्जना गर्नु, प्रसस्त उत्पादन गर्नु, समानताको पक्षपोषण गर्नु, सुरक्षाको व्यवस्था गर्नुपर्ने दायित्व हो भने स्वदेशी उत्पादनलाई किन प्रोत्साहन गर्न सकिँदैन ? किन राज्यले आयतलाई रोकेर स्वदेशी उत्पादनलाई बढवा दिन सक्दैन ? त्यहाँ नियतको पनि कुरा आउँछ ।

पछिल्लो समयमा नेपाली राजनीतिको प्रवृति विकासवादी लोकतन्त्रसँग केही हदसम्म मिल्ने गर्दछ तर नेपालमा प्रशासनको प्रभावकारिता भने देखिएको छैन् । एकातिर राज्यको गतिविधिको बढ्दो फैलावटले सरकारी प्रक्रियाको आमसहभागितामा गम्भीर असर पर्दछ भने राज्यमा पुँजीवादी व्यवस्था भएपनि वा समाजवादी तथा मिश्रीत व्यस्था भएपनि यसले मुख्यतः शिक्षित, वौद्धिक र प्रभावकारी मानिसलाई आफ्नो नियन्त्रणमा राखिरहने सरकारको प्रवृत्ति हुने, सरकारले यिनीहरूलाई आफ्ना कार्य गर्न नीतिहरू बनाउन र विभिन्न कार्यक्रम लागू गर्नका लागि प्रयोग गर्ने भएकाले कस्ता मानिसलाई प्रयोग गर्दै छ भन्ने कुरा पनि राजनीतिक सत्तामा भरपर्दछ ।

नेपाल स्वतन्त्र भनिए तापनि दशकौं देखि शक्ति राष्ट्रहरूको निगरानीमा रहेको छ । उनीहरूको प्रभाव नेपालको राजनीतिमा मात्रै होइन्, विदेश नीति, अर्थनीति, कर्मचारीतन्त्र र देशको स्रोत र साधनमा समेत परेको छ जसले गर्दा नेपालको सूक्ष्म व्यवस्थापनमा समेत विदेशी सक्तिकेन्द्र प्रभाव बढिरहेको छ जुन बान्छनीय होइन । नेपालको सन्दर्भमा प्रतिनिधिमूलक सरकार नै विकासवादी लोकतन्त्रको नमुना हो तर यसको कार्यन्वयनको अवस्थाले भने देशको छायाँचित्र स्पष्ट गर्दछ । निर्वाचनको दृष्टिकोणबाट हेर्ने हो भने नेपालमा सहभागितामूलक लोकतन्त्र रहेको छ जहाँ निर्णय प्रक्रियामा जनताले प्रत्यक्ष सहभागिता जनाउने गर्दछन्, सहभागितामूलक लोकतान्त्रिक प्रणाली अपनाएको ठाउँमा सामाजिक र राजनीतिक संरचनाको पुनर्निर्माण गरिएको हुन्छ ताकि लोकतन्त्रले प्रभावकारीरूपमा काम गर्न सकोस् ।

समानतालाई जोड दिने पद्धतिमा व्यवहारमा समानता नभएको नेपालको राजनीतिक सत्ता पटक पटक उतारचढावमा आउने गर्दछ । समाजिक, आर्थिक तथा राजनैतिक अधिकार र स्वतन्त्रताहरू राष्ट्रिय राज्यको कानुनभित्र पर्ने भएकोले संविधान तथा कानुन निर्माण सन्दर्भमा विभिन्न संरचनामा जोडिएको हुन्छ । आजको समयमा सवै लोकतान्त्रिक राज्यको सहयोगमा विश्वव्यापी संगठन तथा संघस्थापना हुनु जरुरी छ । जसले गर्दा राष्ट्रिय राज्यका विभिन्न समस्याबाट निकास पाउन सबै राष्ट्रबीच सहयोगको जरुरी हुन्छ । आपसी समझदारीको आधारमा राष्ट्रिय समस्याबाट निकास निकाल्न सकियोस् भने राजनीतिक सत्ता गतिशील बन्न सक्छ ।

> देशमा राजनीतिक दलबीच शक्ति सन्तुलन र शक्तिको होडबाजीका करण गठबन्धन बन्दै र भत्किँदै गरेका हुन्

जनप्रतिनिधि राजनीतिक सहभागिताका क्षेत्रमा उदार भएनन् भने आजको निर्णय भोलि नै उल्टाउने अवस्था आयो भने नाममात्रको लोकतान्त्रिक वा गणतान्त्रिक व्यवस्थाले केही अर्थ राख्दैन । सरकार जवाफदेही बन्न सकेन भने, सत्ता जनताप्रति जवाफदेही हुन सकेन भने, लोकतन्त्रको परिभाषा र धारणा स्पष्ट भएन भने, सरकारका नीतिले जनताका मागहरू सम्बोधन गर्न सकेन भने त्यस्तो अवस्थामा राजनीतिक सत्ता निरंकुश बन्दै जान्छ । राजनीतिक नेतृत्वमा मनोमानी बढ्दै जान्छ । देशले गति दिन सक्दैन तसर्थ, कुनै पनि राज्यमा देखापर्ने समस्याको निकास समयमै खोज्नु जरुरी छ र यसले देशको भविष्यमा समेत टेवा पुग्न सक्छ । नेपालमा ७ सय ५३ वटा स्थानीय सरकारहरू छन् भने ७ वटा प्रदेश सरकार र एक संघीय सरकार गरी देशभर ७ सय ६१ सरकारले ३ करोड जनसंख्यालाई व्यवस्थित अभिलेखीकरण गर्न नसक्नु, सेवाप्रवाहमा चुस्तता र दुरूस्तता ल्याउन नसक्नु र जनताप्रति जवाफदेही बन्न नसक्नु जस्ता प्रवृत्ति विडम्बनाका विषयहरू हुन् ।

ती सबै विषयलाई सम्बोधन गर्नुको सट्टा देश सत्ता राजनीतिका लागि लुछाचुँडी गर्नु कुनै पनि दृष्टिकोणबाट उपयुक्त छैन । देश आफैंमा अझै पनि जर्जर अवस्थामा छ भने जनता अझै पनि गरिबीको रेखामुनि रहेका छन् । शिक्षा र स्वास्थ्यमा चरम लापरबाही बढ्दै गएको छ यस्तो अवस्थामा देशभित्र रहेका राजनीतिक दलले बुद्धिमतापूर्ण तवरले राजीतिक सहमति कायम गर्न नसक्ने हो भने देश खाडलमा जाने निश्चित छ ।

नेपालका राजनीतिक दलमा राजनीतिक अस्थिरता भन्ने शब्द नै प्रिय बन्दै गएको छ । आज एउटा निर्णय गर्छन्, भोलि फेरि त्यही निर्णय खारेज गर्दछ, आज सरकारलाई समर्थन गर्दछन् भोलि त्यही समर्थन फिर्ता लिने निर्णय गर्दछन् । देशको कथा एकातिर छँदै छ, सत्तास्वार्थमा केन्द्रित दलको गतिविधिले देशको अर्थतन्त्रमा समेत गिरावट आउने निश्चित छ । हुन त राजनैतिकरूपले दीक्षित व्यक्तिले नै राजनैतिक दल खोल्ने र निर्वाचनमा निर्वाचनमा प्रतिस्पर्धा गर्न स्रोतलाई जोड्ने काम गर्दछ । तर, देशको साधन र स्रोत प्रयोग गररे देशलाई तहसनहस गर्ने कार्य राजनीति हुन सक्दैन ।

देशमा देखापर्ने समस्याको निकास चाहे त्यो सीमानाको समस्या होस् वा चाहे नागरिकताको समस्या वा अन्य कुनै समस्या होस् जुन समस्या भए पनि त्यसको निकास देशभित्रैबाट निस्कने हो देशमा रहेका राजनीतिक दल र जनताका प्रतिनिधिले पहल गर्ने समयमा राजनीतिक खिचातानीकामा राजनीतिक सत्तास्वार्थका लागि देशलाई बन्धक बनाएर जनतालाई दुःख दिने कार्य बिल्कुलै राम्रो होइन ।

पछिल्लो समयमा राष्ट्रपतिको निर्वाचन नजिकिँदै गर्दा, सत्ता गठबन्धन टुटेको छ भने नयाँ गठबन्धन बनेको छ । राजनीतिमा उतारचढाव आएपछि छिमेकी देशका राजदूतले भेटघाट तथा छलफल बढाएका छन् । यसले नेपालको राजनीतिक सत्तामा वैदेशिक हस्तक्षेप नजिकै छ भन्ने कुरा स्पष्ट छ । देशको आन्तरिक शक्ति एकातिर छँदै छ तर अर्कोतिर देशका हरेक क्षेत्रमा सूक्ष्म व्यवस्थापन गर्न विदेशी शक्ति लागिरहेका छन् । देशमा भ्रष्टाचार र बेथिति बढ्दै छ । सुशासनको प्रत्याभूति हुन सकेको छैन । सेवाप्रवाहमा चुस्तता र दुरूस्तता आउन सकेको छैन । देशमा भएका स्रोत साधनलाई प्रभावकारीरूपमा प्रयोग गर्न नसक्दा देश पछाडि परेको छ । पछिल्लो समयमा राजनीतिक दलबीच खासगरी नेकपा एमाले र माओवादीबीच दोषारोपण सुरु भएको छ ।

देशको गतिरोध अन्त्यका लागि सबै राजनीतिक दल एकठाउँमा उभिनुपर्ने समयमा सत्तास्वार्थ केन्द्रित दलको राजनीतिले सबै प्रदेशमा सरकार पुनः गठन हुने अवस्था छ । देशको राजनीति र प्रशासनबीच समन्वय हुनु जरुरी छ । राजनीतिले निर्णय गर्दछ भने, प्राशसनले ती निर्णय कार्यान्यन गर्नुपर्दछ । कर्मचारीको नियुक्ति राजनीतिक दलको आवश्यकता र योगदानका आधारमा नभई योग्यताका आधारमा हुन्छ । सार्वजनिकरूपमा सरकारी नीतिका विषयमा कर्मचारीले धारणा बनाउनु उपयुक्त होइन तर कर्मचारीले राजनीतिज्ञलाई दूरदृष्टियुक्त वस्तुपरक सल्लाह सुझाव तथा सल्लाहहरू आदान प्रदान गर्नुपर्छ ।

असल कार्य व्यवहार र कार्यसम्पादनका स्तरका आधारमा कर्मचारीको पेसागत सुधार हुनु जरुरी छ । जनतासँग जोडिने विषय, स्थानीयस्तरका सरोकारका विषय, उत्पादनका विषयमा संवेदनशील बन्नु जरुरी छ । निकास खोज्ने सन्दर्भमा खासगरी स्थानीय तहदेखि सबै क्षेत्रका समस्याको सबैलाई सम्बोधन हुनेगरी निकास खोज्नु जरुरी छ । प्रदेशका सन्दर्भमा पनि सबै सरोकारवाला निकायलाई राखेर निकास निकाल्नुपर्छ । राजनीतिक नेतृत्वले आफ्नो प्रवृत्ति सुधार्नु जरुरी छ । देश बनाउने साझा संकल्पका साथ काम गर्नु जरुरी छ । राजनीतिक सत्तालाई जनताको हितमा काम गर्न सक्यो भने मात्रै देशको राजनीतिले सार्थकता पाउन सक्छ ।

देशलाई आर्थिक वृद्धितर्फ विकास गर्न, जनताको जीवनस्तर सुधार गर्न जनतामा शान्तिसुरक्षाको प्रत्याभूति गर्नु आवश्यक छ । जब देश आफैंमा अगाडि बढ्दै जान्छ तब मात्र राजनीति सुधार हुँदै जान्छ, जनताको जीवनस्तरमा सुधार हुँदै जान्छ । देश आत्मनिर्भर बन्न सक्छ ।

# फरक काम गर्ने कुलपतिका प्रतिबद्धता




**राजधानी समाचारदाता**
काठमाडौं

नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल संगीत तथा नाटच प्रज्ञा प्रतिष्ठानका नवनियुक्त कुलपतिले विगतभन्दा केही फरक र जनमुखी कामगर्ने प्रतिबद्धता जाहेर गरेका छन् । सांस्कृतिक संस्थान राष्ट्रिय नाचघरले आयोजना गरेको प्रतिष्ठानका पदाधिकारी एवं सदस्यलाई बधाई तथा शुभकामना प्रदान कार्यक्रममा उनीहरूले राम्रो काम नगरे पदबाट आफूहरू राजीनामा दिन पछि नपर्ने जिकिर गरेका छन् ।

पदाधिकारी तथा प्राज्ञलाई संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले नाचघरका तर्फबाट बधाईसँगै काम गर्न डायरी र कलम उपहार दिए । सोही क्रममा मन्त्री किरातीले नेपालको मौलिक कला संस्कृतिको जगेर्ना हुने जनमुखी काम गर्न प्रतिष्ठानका पदाधिकारी तथा प्राज्ञलाई निर्देशन दिए । कार्यक्रममा उनले भने, 'राजनीतिक प्रणाली परिवर्तन गर्न जति सजिलो छ, समाज परिवर्तन गर्न त्योभन्दा गाह्रो हुन्छ,' मन्त्री किरातीले अगाडि भने, 'प्रज्ञा प्रतिष्ठानहरूले नयाँ सोच एवं संकल्पका साथ गणतान्त्रिक समाज र संस्कृतिको मूल्य मान्यता स्थापित गर्न सक्नुपर्छ ।'

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले कार्यक्रममा प्रतिबद्धता मन्तव्य राख्दै भने, 'नेपाल प्रज्ञा प्रतिष्ठान हिजो कुनै जाति, समुदाय, वर्ग वा खास अनुभवमा निहित व्यक्तिहरूको थियो', कुलपति राईले थपे, 'प्रतिष्ठान अब सबैको साझा थलो हुनेछ । यसले नयाँ संस्कृति निर्माण गर्नेछ ।' प्रतिष्ठानलाई सबै जाति, भाषा एवं संस्कृतिको साझा थलो बनाइने पनि उनले प्रतिबद्धता जाहेर गरे ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले आफ्नो बुद्धि, विवेक र क्षमताले भ्याएसम्म ललितकलाको उन्नयनमा लागिपर्ने बताए । आफ्नै सबै पदाधिकारी उच्च शिक्षा हासिल गरेका र अनुभवी रहेकाले मन्त्रीको निर्देशनअनुसार जनमुखी काम गर्न आफू कटिबद्ध रहने बताए ।

कार्यक्रममा बोल्दै नेपाल संगीत तथा नाटच प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्माले प्रतिष्ठानका लागि बजेट कम भएकाले केही बजेट थपिदिन आग्रह गरिन् । उनले विगतका तितामिठा बिर्सेर सबै प्रतिष्ठानबीच सहकार्य आवश्यक भएको बताइन् । प्रतिष्ठानले सांस्कृतिक संस्थानसँग समेत सहकार्य गरेर अघि बढ्ने उनले बताइन् । कार्यक्रममा स्वागत मन्तव्य दिँदै सांस्कृतिक संस्थानका महाप्रबन्धक अशोकप्यासी राईले कर्मकाण्डी योजना तथा कार्यक्रमले लोकसंस्कृतिको संरक्षण तथा प्रवर्द्धन हुन नसक्ने बताए । 'लक्ष्य र उद्देश्य निर्धारित योजना तथा कार्यक्रमका साथ प्रतिष्ठान अगाडि बढ्नुपर्छ । यसका लागि संस्थान सहकार्य गर्न तयार छ,' महाप्रबन्धक राईले भने ।

# जेनिशा मानन्धरको उपन्यास 'लस्ट लेटर्स'




**राजधानी समाचारदाता**
काठमाडौं

अस्ट्रेलियामा बस्दै आएकी नेपाली लेखिका जेनिशा मानन्धरले अंग्रेजी भाषामा आफ्नो नयाँ उपन्यास 'लस्ट लेटर्स' सार्वजनिक गरेकी छन् ।

काठमाडौंमा आयोजित एक कार्यक्रममा प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा राना मगर, काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोल, बूढानीलकण्ठ महानगरपालिकाकी उपप्रमुख अनिता लामा, साहित्यकार इन्दिरा प्रसाई, कवि उषा शेरचन, प्रदेशसभा सांसद यमुना श्रेष्ठलगायतले सो पुस्तकको संयुक्त विमोचन गरे ।

सो उपन्यासलाई अमेजनमार्फत अनलाइनका रूपमा खरिद गर्न सकिने लेखिका मानन्धरले बताएकी छन् । 'लस्ट लेटर्स'मा समावेश गरिएको कथालाई विभिन्न कालखण्डमा सेट गरिएको उनले बताइन् । उनका अनुसार एउटा अहिलेको आधुनिक संसारको हो भने अर्को त्यो समयको कथा हो । जब विदेशीले काठमाडौंमा सान्त्वना पाएका थिए, जसलाई हिप्पी युग पनि भनिन्छ ।

लस्ट लेटर्स भाग्यले बाँधिएका तथा दूरीबाट प्रभावित भएका चार फरक व्यक्तिको प्रेम कथा हो ।

काठमाडौं महानगर उपप्रमुख सुनिता डंगोलले पछिल्लो पुस्ताले वास्तविक माया ममता गुमाउँदै गएको बताइन् । माया-ममता गुमाउँदै गएको अहिलेको पुस्ताका मानिसका लागि 'लस्ट लेटर' पुस्तक सुहाउँदो भएको उनले टिप्पणी गरिन् ।

'यो पुस्तकमा सम्बन्ध, माया, प्रेमबारे छ र यो कुरा हामीले पनि गुमाइरहेको अवस्था छ । अब यो किताबले फेरि जोड्नेछ भन्ने आशा लिएको छु, उपप्रमुख डंगोलको भनाइ छ, 'माया, प्रेम, सम्बन्धबारे रहेको पुस्तकले सबैको मर्म समेटेको छ ।'

# खोटाङमा भूमिहीन र अव्यवस्थित बसोबासी कति ?

**सूर्य तामाङ/राजधानी**
खोटाङ

खोटाङका १९९ भूमिहीनले जग्गा प्राप्तिका लागि राष्ट्रिय भूमि आयोगसमक्ष निवेदन दिएका छन् । राष्ट्रिय भूमि आयोग जिल्ला समितिले पत्रकार सम्मेलन गर्दै १ सय ४९ भूमिहीन सुकुमबासी र ५० भूमिहीन दलितले जग्गा प्राप्तिका लागि सम्बन्धित वडा कार्यालयमार्फत निवेदन दिएको जानकारी दिएको छ । यस्तै, जग्गा प्राप्तिका लागि ५ सय ८० अव्यवस्थित बसोबासीको निवेदन परेको राष्ट्रिय भूमि आयोग जिल्ला समितिका सदस्य सचिव नापी कार्यालयका प्रमुख मदन खत्रीले जानकारी दिए ।

'भूमिहीन कोही नहुन्' भन्ने सरकारको नीतिअनुसार जग्गा प्राप्तिका लागि आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई ३५ दिनको अवधि दिएर गत १ भदौमा सूचना प्रकाशित गरेको थियो । तर, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको आचारसंहिताका कारण गत १ असोजदेखि २७ मंसिरसम्म बन्द गरिएको लगत संकलनको काम पुनः २८ मंसिरदेखि २ पुससम्म सञ्चालन गरिएको थियो । दिइएको समय अवधिमा जग्गा प्राप्तिका लागि भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासी गरी ७ सय ७९ जनाको निवेदन परेको राष्ट्रिय भूमि आयोग जिल्ला समिति खोटाङका अध्यक्ष सुरेश राईले बताए ।

आयोगका अनुसार जग्गा प्राप्तिका लागि खोटेहाङ गाउँपालिकामा आठ जना भूमिहीन सुकुमबासी, ६ जना भूमिहीन दलित र १० जना अव्यवस्थित बसोबासीको निवेदन परेको छ । केपिलासगढी गाउँपालिका-६ जना भूमिहीन दलित र ६ जना अव्यवस्थित बसोबासीको निवेदन परेको छ । केपिलासगढीमा भूमिहीन सुकुमबासीको निवेदन परेको छैन । जन्तेढुंगा गाउँपालिकामा १५ भूमिहीन सुकुमबासी र ३१ अव्यवस्थित बसोबासीको मात्र निवेदन परेको छ । हलेसी तुवाचुङ नगरपालिकामा १४ भूमिहीन सुकुमबासी, ८ भूमिहीन दलित र १ सय ४० अव्यवस्थित बसोबासीको निवेदन परेको छ ।

# जब कालोपत्रे सडकमै पोल गाडियो

**कपिलवस्तु/रास-** कपिलवस्तुको शिवराज नगरपालिका-५ नौडिहवामा कालोपत्रे सडकबीचमा पोल गाडिएको छ । स्थानीय मणिराम थारूले आफ्नो जग्गामा सडक बनाएको भन्दै बीच भागमै पोल गाडेका हुन् । कालोपत्रे सडकमै पोल गाडेपछि सवारी हिँड्डुलमा समस्यासमेत भएको छ ।

स्थानीय छविलाल बन्जाडे र शिवप्रसाद हरिजन (छोटु)सहितको नेतृत्वको एक टोलीले बाटो निकास गरिदिने भन्दै प्लटिङका लागि प्रस्ताव गरेपछि सोही प्रस्तावअनुसार बाटो निकासका लागि एक कठ्ठाबराबर ४ धुर जग्गा दिने वा जग्गा नभए चलनचल्तीको रेटमा पैसा दिने भनी उनीहरूबीच आपसी सहमति भएको मणिरामले बताए । सहमतिअनुरूप प्लटिङको नेतृत्व गर्ने छोटुलाई मणिरामले ७ लाख ५० हजार हुन आएकोमा ७ लाख रुपैयाँ मात्र दिएको उनी बताउँछन् । लामो समयसम्म आफ्नो पैसा वा जग्गा प्लटिङ पक्षले आफूलाई फिर्ता नदिएकाले कालोपत्रे सडकमा पोल गाडेको थारूले बताए । आफूले पटकपटक प्लटिङ पक्षसँग फिर्ता गर्न आग्रह गरेको बताउँदै नापजाँच गर्दा जहाँसम्म आफ्नो क्षेत्रफल आएको त्यही भागमा पोल गाडेको उनले बताए ।

## भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा
गण्डकी प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना सम्बन्धमा**

**प्रथम पटक प्रकाशित मिति २०७९/११/१८**

प्रस्तुत विषयमा यस भीरकोट नगरकार्यपालिका कार्यालयको मिति २०७९/१०/१७ गतेको नेपाल समाचार पत्र दैनिकमा प्रकाशित सुचना बमोजिम देहायका खरिद कार्यका लागि दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र (न्युनतम मुल्याङ्कन सहित सारभुत रुपमा प्रभावग्राही भएकाले) सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा १ बमोजिम छनौट गरिएकाले सोहि ऐनको उपदफा १ र २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्काको नाम | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| 1 | Procurement of Medicine and Medical Equipments (BM/SOM/SQ/01/079-80) | Chirag Pharmacy Pvt. Ltd Pokhara | Rs. 7,16,394.69 |

**प्रमुख प्रशासकीय अधिकृत**

## रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०७९/११/१८**

यस रत्ननगर नगरकार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको मिति २०७९/१०/०२ को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सूचना अनुसार यस कार्यालयद्धारा सम्पादन हुन गईरहेको तपसिलको कार्यको लागि दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित तथा सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, दफा २७ को उपदफा २(१) र दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि आजैको मिति देखि लागु हुने गरी यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | कामको विवरण | बोलपत्रदातको नाम र ठेगाना | कबोल गरेको रकम (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| १ | Construction of Ghegauli Bidrasram Building, Ward No. 12 (RAT/Chitwan/Works/NCB/13/2079-080) | श्री Manakamana Copntractor's and Bulders Pvt. Ltd., Bharatpur Metropolitan City Ward No.10, Chitwan | रु. ३१,१५,३५५।१५ (एकतीस लाख पन्ध्र हजार तीन सय पचपन्न रुपैया पैसा पन्ध्र मात्र ।) |
| २ | Construction of Interlock Block Paved Road, ward No. 10 (RAT/CHITAWAN/Works/NCB/14/2079-080) | श्री Mordon Construction, Bharatpur Metropolitan City Ward No.7, Chitwan | रु. २०,११,४७६।१९ (वीस लाख एघार हजार चार सय छयाहत्तर रुपैया पैसा उन्नाईस मात्र ।) |

**प्रमुख प्रशासकिय अधिकृत**

## Invitation for Quotations

## Kanchanrup Municipality
## Office of the Municipal Executive
Kanchanpur, Saptari
Madhesh Pradesh, Nepal]

Invitation for Quotations for the **[Kanchanrup Nagarbhari Vapor Light Jadan]**

Contract Identification No: KRM/SPT/SQ/79/80-01

Date of publication: 2079-11-18

1. The [Kanchanrup Municipality] invites sealed quotations for the construction of **[Kanchanrup Nagarbhari Vapor Light Jadan].** The estimated amount for the works is [17, 24,100.00].
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Kanchanrup Municipality, Kanchanpur, Saptari, email: kanchanrupmunicipality@gmail.com, 031-560114 and 9852844111]*** [or may visit PPMO website www.bolpatra.gov.np.]
3. A complete set of Bidding Documents may be purchased from the office **[Kanchanrup Municipality]** and the office ***[Kanchanrup Municipality, Kanchanpur, Saptari]*** by eligible Bidders onthesubmissionof a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till ***[2079-12-02] during office hours.***
4. Sealed bids must be submitted to the office **[Kanchanrup Municipality, Kanchanpur, Saptari]** by hand on or before ***[05:00 pm] on [2079-12-02].*** Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at ***[2079-12-03 and 8:00 am]*** at the office of ***[Kanchanrup Municipality, Kanchanpur, Saptari].*** Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **[51,000 (2 to 3 % of estimated amount)],** which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Kanchanrup Municipality deserves the right to accept or cancel the bid processing incase of any conflict.

Note:
*(As mentioned in clause 49ka of PPR 2064 clause 49ka, add more relevant information as per required)*


## वर्गीकृत डिस्प्ले

**बीमालेख हरायो**

मिति २०७९/१०/१२ गते गल्फुटारदेखि लैनचौरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **नेपाल लाईफ इन्स्योरेन्स कं. लि.**को तपसील अनुसार को बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय, निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
**नाम थरः रोहित थापा**
**ठेगानाः गल्फुटार**
**बीमालेख नम्बरः १०७०१०१७५**
**सम्पर्क नं.: ९८५१०७२७११**

**विमालेख हरायो**

मिति २०७९-१०-१९ गतेका दिन दहचोकबाट कलंकी जाँदा नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. बाट जारी मेरो निम्न व्यहोरा भएको विमालेख हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरि दिनुहुन अनुरोध गर्दछु ।
नाम :- शर्मिला राई र
श्री मंगल प्रसाद योगहाङ
बिमालेख नं. १०८०२३९९६
ठेगाना : शिवसताक्षी -११, झापा
फोन नं.: ९८०८९२५३१९

**वर्गीकृत डिस्प्ले**
**रू. 300/-**
**वर्गीकृत विज्ञापन**
प्रति शब्द रू.१०/- | मू.अ.कर बाहेक

**राजधानी न्युज पब्लिकेसन प्रा.लि.का प्रदेश कार्यालयहरु**
१ नं. प्रदेश कार्यालय
विराटनगर, मो.नं.: ९८४२०७३४३२
मधेश प्रदेश कार्यालय
वीरगञ्ज, मो.नं.: ९८५५०३६१५४
लुम्बिनी प्रदेश कार्यालय
बुटवल, मो.नं.: ९८५७०१०३१८
गण्डकी प्रदेश, कार्यालय
पोखरा, मो.नं.: ९८४३९९०५७८
सुदूरपश्चिम प्रदेश कार्यालय
धनगढी, मो.नं.: ९८५११३०७३०

**वर्गीकृत डिस्प्लेका लागि सिधा सम्पर्कः ०१-४८११०८०, Ext. No.: १०२**
Email: **rajdhanimarketing76@gmail.com** website: **www.rajdhanidaily.com**

राजधानी
# आर्थिक

www.rajdhanidaily.com

बिहीबार १८ फागुन २०७९
(Thursday 2 March 2023)



सुन–चाँदी

| | |
|---|---|
| छापावाल प्रतितोला | - रु.१०२,३००/- |
| तेजाबी प्रतितोला | - रु.१०१,८००/- |
| चाँदी प्रतितोला | - रु.१,२७०/- |

# जलविद्युत् आयोजनामा सुरक्षा प्रत्याभूति गराउन इप्पानको माग

**राजधानी समाचारदाता**
काठमाडौं




स्वतन्त्र ऊर्जा उत्पादक संस्था नेपाल (इप्पान)ले जलविद्युत् आयोजना निर्माणका लागि सुरक्षाको माग गरेको छ । बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै यस्तो माग गरेको हो ।

इप्पानले सिन्धुपाल्चोकको जुगल पालिकामा निर्माण हुन लागेको सीता हाइड्रोपावर जलविद्युत् आयोजना निर्माण स्थलमा फागुन १५ गते स्थानीय एक समूहले गरेको तोडफोड तथा आगजनी र कर्मचारीमाथिको सांघातिक आक्रमणको भर्त्सना गरेको छ ।

जलविद्युत् आयोजनामा स्थानीयको समूहले नै उच्छृंखल, अराजक तथा आपराधिक घटना गरेको इप्पानको भनाइ छ। पत्रकार सम्मेलनमा इप्पानका उपाध्यक्ष आशिष गर्गले क्षति भएको ३५ मेगावटको सीता हाइड्रोपावरलाई उचित क्षतिपूर्ति र घाइते भएका आयोजनाका कर्मचारीको सम्पूर्ण खर्च पीडक पक्षले बेहोर्ने व्यवस्था गराउन सरकारसँग माग गरे ।

उनले पछिल्लो समय जलविद्युत् आयोजनाहरूमा अप्रिय घटना भइरहेको भन्दै सरकारले उचित शान्ति सुरक्षाको व्यवस्था गर्नुपर्ने बताए । उनले जलविद्युत् जस्ता आयोजनामा स्थानीय वडाध्यक्षसहितको संलग्नतामा यस्ता आपराधिक गतिविधिले राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको ऊर्जा क्षेत्रमा नकारात्मक सन्देश जाने बताए ।

यस्ता घटनाले सिन्धुपाल्चोकलगायत जलविद्युत् उत्पादन क्षेत्रमा निजी क्षेत्र निरुत्साहित हुने भन्दै त्यसतर्फ सरकारको गम्भीररूपमा ध्यान जान आवश्यक रहेको उपाध्यक्ष गर्गले बताए । उनले सरकारले परियोजनाको कार्यस्थलमा हुने यस्ता घटनालाई निरुत्साहित गर्न तत्काल छुट्टै सुरक्षा संयन्त्र निर्माण गरी सुरक्षाको प्रत्याभूति गराउन, सीता जलविद्युत् आयोजनामा भएको घटनाको छानबिन गरी दोषीमाथि कानुनअनुसार कारबाही गर्न माग गरे ।

त्यस्तै सीता जलविद्युत् आयोजनाका अध्यक्ष सीताराम तिमल्सिनाले आयोजनामा भएको क्षतिपूर्ति र घाइतेको सम्पूर्ण उपचार पीडक पक्षबाट भराउन सरकारसँग माग गरे । उनले फागुन १५ गते गुम्बाको मानेभञ्याङमा विद्युत् प्राधिकरणको वितरण लाइनमा करेन्ट शर्ट भई स्थानीय एक बालिकाको निधन भएपछि ६० जनाको एक समूहले योजनाबद्धरूपमा आयोजना स्थलमा तोडफोड, आगजनी र कर्मचारीमाथि आक्रमण गरेको बताए ।

विद्युत् प्राधिकरणको लाइनसँग आयोजनाको कुनै सम्बन्ध नभएको उनको भनाइ छ। उनले एक समूहको आक्रमणबाट आयोजनाको आवासीय भवन, विद्युत् गृह, सुरुङलगायतका क्षेत्रमा ठूलो क्षति र सात जना इन्जिनियर घाइते भएको बताए । उनले आयोजनामा भएको आक्रमणबाट झन्डै १२ करोड रुपैयाँ बराबरको क्षति भएको दाबी गरे ।

अध्यक्ष तिमिल्सिनाले जलविद्युत् निमार्ण कार्यमा सुरुदेखि नै विभिन्न आक्रमणहरू भइरहेको बताए ।

# अफ्रिकन स्वाइन फिभरका कारण बंगुरका खोर रित्तिँदै

**राजधानी संवाददाता**
लमजुङ



लमजुङमा अफ्रिकन स्वाइन फिभरको संक्रमण फैलिएका कारण व्यावसायिक किसानका बंगुर फार्म तथा खोर रित्तिन थालेका छन् । बुधबार मध्यान्हसम्म १४९ वटा बंगुर तथा पाठापाठी मरिसकेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लमजुङले जनाएको छ ।

सो रोग फैलिएका कारण भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले बंगुर तथा बंगुरजन्य पदार्थ जिल्ला सदरमुकाम बाहिर ओसार पोसारमा प्रतिवन्ध लगाइएको सो कार्यालयका प्रमुख डा. रुपेश श्रेष्ठले बताए । उनका अनुसार हाल जिल्ला सदरमुकाम बेसीसहरमा बढी मात्रामा देखिएको छ। यसअघि बेसीशहर नगरपालिका- ६ र ८ मा मात्र सो रोग फैलिएको देखिएकोमा हिजोबाट वडा नम्बर-३ मा समेत फैलिन थालेको छ। उनले भने, 'यो रोगको उपचार र भ्याक्सिन आजसम्म बन्न सकेको छैन, त्यसैले रोकथाम मात्रै एक उपाय हो।'

यसै कारणले पनि बंगुर वा बंगुरजन्य पदार्थ जिल्लाभित्र र बाहिर लान ल्याउन साथै बेसीसहरबाट अन्यत्र लान तथा ल्याउन प्रतिबन्ध लगाएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख श्रेष्ठले जानकारी दिए ।

लमजुङ बोडर विदेशसँग जोडिएको जिल्ला पनि हैन, तर यहाँ एकाएक यो रोग कसरी फैलिएको होला ? भन्ने जिज्ञासामा किसानहरूलाई हामीले सुरक्षा उपाय अपनाउनभन्दा टेर्दैनन् । दुई पैसा सस्तो पाउनासाथ हाम फाल्ने प्रचलन छ, हाम्रोमा केही दिनअघि मात्र धरानबाट बंगुर खरिद गरेको बुझिएको थियो । त्यहीबाट यो रोग सरेर आएको अनुमान गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा. श्रेष्ठले बताए। उनका अनुसार 'यो रोग फ्ल्यु हैन फिभर हो' त्यसैले मानिसमा सर्दैन । बंगुर प्रजातिका सुंगुर, बनेलबाहेक अन्य पशु वा पछि पनि यो रोग लाग्दैन डा. श्रेष्ठले प्रस्ट्याएका छन्। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले एक सूचना जारी गरी घरपालुवा सुंगुर, बंगुर र जंगली बँदेल प्रजातिमा विषाणुको कारण लाग्ने अफ्रिकन स्वाइन फिभर संक्रमणले छोटो समयमा बंगुर प्रजातिमा महामारीको रुप लिन सक्ने हुँदा बंगुर तथा बंगुरजन्य सामग्री एक पालिकाबाट अर्को पालिका तथा एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसारमा नगर्न सूचना जारी गरेको छ ।

## कर्मचारीमाथि आक्रमण भएपछि लघुवित्त संघ आक्रोशित

**काठमाडौं/रास–** लघुवित्तका कर्मचारीमाथि कालो मोसो दल्ने कार्य हुन लागेपछि लघुवित्त बैंकर्स संघले आपत्ति प्रकट गर्दै सो निन्दा तथा भर्त्सना गरेको छ। संघले सुरक्षित कार्य वातावरणको सुनिश्चतता गर्न नेपाल सरकार तथा नियामक निकाय नेपाल राष्ट्र बैंकसँग अपील पनि गरेको छ ।

फाल्गुण १६ गते एनआईसी एसिया लघुवित्त वित्तीय संस्थाको जाजरकोट शाखामा कार्यरत कर्मचारी गोपालप्रसाद उपाध्यायलाई अज्ञात समूहले कुटपिटसहित कालो मोसो दली अपमानजनक व्यवहार गर्दै समूहबाट संकलन भएको रकमसमेत लुटेर फरार भएको घटनाप्रति नेपाल लघुवित्त बैंकर्स संघ घोर आपत्ति प्रकट गर्दै र यस कार्यको निन्दा तथा भर्त्सना गरेको हो । संघले बिनाबाधा व्यवधान, बिना रोकतोक सुरक्षित र शान्तिपूर्ण तबरबाट काम गर्न सुरक्षित कार्य वातावरणको सुनिश्चतता गर्न नेपाल सरकार र तथा नियामक निकाय नेपाल राष्ट्र बैंकसंग हार्दिक अपिल गरेको हो। साथै संघले सम्पूर्ण लघुवित्तका कर्मचारी तथा अन्य बैंक वित्तीय संस्थाका कर्मचारी यो विषम परिस्थितिमा सजग, सचेत र संयमतापूर्वक आफ्ना ग्राहक सदस्य, अभिभावक र स्थानीय निकायसँग समन्वय गरी कार्य गर्न पनि अपील गरेको छ ।

हाल देशमा अराजकताको अवस्था सिर्जना हुँदै गएको भन्दै संघले यस्तो परिस्थतिमा कत्ति पनि विचलित नभै आफ्नो सुरक्षाको ख्याल गर्न पनि लघुवित्तकर्मी कर्मचारीलाई अनुरोध गरेको छ ।

**Nagarjun Municipality**
**Office of Municipal Executive**
**Harisiddhi, Sitapaila**
**Notice of Intention to Award Contract**
**(Date of Publication: 2079/11/18)**

In reference to the notice published on the National daily " Rajdhani " dated 18th February 2022 and 31st January 2023; pursuant to public procurement act clause 27 (2&3), it is hereby notified to all the concerned bidders that it is our intention to award the contract as mentioned below.

| Contract ID / Name of Works | Lowest Evaluated Substantially Responsive Bidder | Amount (Inclusive VAT and PS) |
|---|---|---|
| Nagarjun/NCB/W/19/2079-80) Ward No. 1 Road Upgrading Works.( | Dolakha Bhimeshwore Construction Nagarjun-1, Kathmandu | NRs.1,05,43,277.37(One Crore Five Lakh Forty Three Thousand Two hundred Seventy Seven Rupees and Thirty Seven Paisa only.) |
| Nagarjun/NCB/W/20/2079-80)Ward No. 4 Kumari Mandir and Dhungana Basti Road Upgrading Works( | Sahasrara Construction Pvt. Ltd Tokha-07, Kathmandu | NRs.34,19,869.6 (Thirty Four Lakh Nineteen Thousand Eight Hundred Sixty Nine Rupees and Six Paisa Only.) |
| Nagarjun/NCB/W/22/2079-80)Gawali Marga Road Upgrading Works.( | M.B Builders and Developers Pvt. Ltd Kathmandu-14 | NRs.16,43,593(Sixteen Lakh Forty Three Thousand Five Hundred Ninety three Rupees Only.) |
| Nagarjun/NCB/W/23/2079-80)Ward-6 Devendra ko ghar aagadi Sadak Starronnati.( | M.B Builders and Developers Pvt. Ltd Kathmandu-14 | NRs.31,74,740.87 (Thirty One Lakh Seventy Four Thousand Seven Hundred Forty Rupees and Eighty Seven Paisa Only.) |
| Nagarjun/NCB/W/24/2079-80)Dadagaun Lupang Road Upgrading Works.( | M.B Builders and Developers Pvt. Ltd Kathmandu-14 | NRs.28,35,033.95(Twenty Eight Lakh Thirty Five Thousand Thirty Three Rupees and Ninety Five Paisa Only.) |
| Nagarjun/NCB/W/25/2079-80)Ward-6 Koteshya Bhairab Culvert Nirman( | M.B Builders and Developers Pvt. Ltd Kathmandu-14 | NRs.36,79,097.53 (Thirty Six Lakh Seventy Nine Thousand Ninety Seven Rupees and Fifty Three Paisa Only.) |

**Chief Admi78nistrative Officer**

## कतारमा रोजगारी

**1. FARM 152 JASSIM MOHAMMED JAIDAH** पुन:विज्ञापन
Pre Approval Date: 2022/12/16 | चलानी नं.: ६०१९३४२९ | LOT No. 277871 | शहर: Doha

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 2 | 0 | 1000 | 36344 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

Interview Date : **Interview on 9 March 2023 in Saan Nepal Pvt Ltd, Kathmandu**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगादाताले व्यहोर्ने | रोजगादाताले व्यहोर्ने | रोजगादाताले व्यहोर्ने | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | नि:शूल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे श्रम तथा रोजगार प्रर्वद्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SAAN NEPAL PVT. LTD.**
(A manpower Consultant)
Govt. Lic. No. 734/064/065
Battisputali, Kathmandu, Nepal, P.O.Bo. 4069
Tel No.: 977-1-4584977, Fax : 977-1-4485077
Email : receptionsaan@gmail.com, www.saannepal.com.np

## कतारमा रोजगारी

**1. AAMAL SERVICES** पुन:विज्ञापन
Pre Approval Date: 2022/03/15 | Challani No. 60175975 | LOT No. 259656 | City: DOHA

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOURER | 0 | 15 | 1000 | 36408 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**फाइलन अन्तरवार्ता मिति २०७९/११/२५ गते (9 March 2023) मेनपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिने | रोजगादाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | नि:शूल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रर्वद्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

**प्याराडाईज इन्टरनेशनल प्रा. लि.**
बखुन्डोल, ललितपुर, (कोपुण्डोल सर्वाङ्ग हस्पिटलबाट भित्र, नर्वे एम्बेसीसँगै)
ISO 9001:2000 CERTIFIED ORGANISATION
Lic No.: 187/057/058
**सम्पर्क: 5534042, 5533435**

## साउदी अरेबीयामा रोजगारी

पून:विज्ञापन

**1. ZOMAN MOHAMMED AL-HAJRI & PARTNERS CONTRACTING CO.**
Pre Approval Date: 2022/11/29 | चलानी नं.: ६०१९२३२२ | LOT No. 276739 | शहर: AL-KHOBAR

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 6 | 0 | 1800 | 63436 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 5 | 0 | 2500 | 88309 | | | | | | | | |
| 3 | construction laboure | 10 | 0 | 1000 | 35323 | | | | | | | | |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९/११/२५ गते (9 March 2023)मा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगादाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | १०००० |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रर्वद्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

*Govt. Lic. No : 1033/071/072* *Company Reg. No.: 57377/065/066*

**ROVE INTERNATIONAL PVT. LTD.**
Tilganga-09, Shambhumarg, Kathmandu, Nepal
P.O.Box No. 10472, Fax No.: + 977-1-4474184
Tel.: +977 4486922, 4486952, Email: info@roveintl.com
rove35@yahoo.com, **web site: www.roveintl.com**

## मलेशियामा रोजगारी

**1. YUEN FEE(WAN SOON) ENG. SDN.BHD.**
Pre Approval Date: 2023/03/01 | चलानी नं.: ६०१९७३३० | LOT No. 281877 | शहर: Park

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | 45691 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

**2. DD FRESH MEAT RETAIL SHOPS SDN BHD**
Pre Approval Date: 2023/03/01 | चलानी नं.: ६०१९७३३१ | LOT No. 281878 | शहर: LUKUT

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | 45691 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता: मिति २०७९/११/२५ गते (9 March 2023) मेनपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगादाताले व्यहोर्ने | रोजगादाताले व्यहोर्ने | रोजगादाताले व्यहोर्ने | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शूल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रर्वद्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MONTAGE OVERSEAS (P.) LTD.**
License No: 798/065/066
1726/69 GMS Path (W) near Kalanki Temple, Kathmandu-14 Nepal
Tel: +977-1-4287119, Fax : +977 -01-4287119
Email : bhojrajpahadi@yahoo.com, Web : www.montageoverseas.com

C M Y K

# हुन्डाईको नयाँ ग्रान्ड आई-१० नियोस नेपाली बजारमा

**काठमाडौं/रास-** नेपालका लागि हुन्डाईको आधिकारिक बिक्रेता लक्ष्मी इन्टर कन्टिनेन्टलले ह्याचब्याक सेग्मेन्टमा लोकप्रिय मोडल ग्रान्ड आई-१० नियोसको फेसलिफ्ट भर्सन भित्र्याएको छ।

हुन्डाई ग्रान्ड आई-१० नियोसको पूर्वमोडल पनि नेपालमा धेरै बिक्ने कार बनेको थियो। अझ बढी परिस्कृत, आरामदायी र नवीनतम् फिचरले भरिएको नयाँ ग्रान्ड आई-१० नियोस कम्पनीले प्रवर्द्धन गरे जस्तै रहेको छ। पूर्वमोडलको तुलनामा ह्याचब्याकको प्रतिस्पर्धी बजारमा यसको आकर्षक डिजाइन, विशिष्ट सुविधा जस्ता विभिन्न विशेषताका कारण नयाँ आयाम स्थापित गर्ने विश्वास कम्पनीले लिइएको छ।




हुन्डाई ग्रान्ड आई-१० नियोस समयसापेक्ष प्रस्तुति र अत्याधुनिक विशेषतासहित तयार गरिएका छ। गाडीको पछिल्लो भागमा यो सेगमेन्टमै पहिलोपटक राखिएको बिस्तारित एलईडी टेल लाइटजडित लाइटबारले नयाँ ग्रान्ड आइटेन नियोसलाई विशिष्टस्वरूप दिएको छ। त्यस्तै ग्रान्ड आई-१० नियोसको अघिल्लो भागमा रहेको पेन्टेड ब्लायक रेडियटर ग्रिलले गाडीलाई अझ बढी स्टाइलिस र स्पोर्टियर बनाएको छ।

नयाँ ग्रान्ड आई-१० नियोस १.२ लिटर पेट्रोल इन्जिन पावरमा उपलब्ध छ। यसको प्रारम्भिक मूल्य २९ लाख ९६ हजार कायम गरिएको छ।

नयाँ ग्रान्ड आई-१० नियोसले नेपाली अटोमोबाइल क्षेत्रमा नयाँ आशा र उत्साहको सञ्चार गर्ने विश्वास कम्पनीले लिएको छ। हुन्डाई नेपाल उत्कृष्ट कारहरूसँगै आकर्षक अफर, सर्वोत्कृष्ट ग्राहक सेवा र आफ्टर सेल्स सर्भिसका लागि चिर परिचित रहेको छ। कम्पनीले देशभरका १७ डिलर र १९ सर्भिस सेन्टरमार्फत नेपालभरि नै सबै हुन्डाई गाडीको सहज खरिद र सर्भिसिङको सेवा दिँदै आएको छ।

# दिगो विकास लक्ष्य कार्यान्वयन अवस्था अध्ययन गरिँदै

**राजधानी समाचारदाता**
काठमाडौं

राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले दिगो विकासको लक्ष्यअनुसार नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा तीनै तहका सरकारबाट बजेट विनियोजन भए/नभएको अध्ययन हुनुपर्ने बताएका छन्।

दिगो विकास तथा सुशासन समितिको बुधबार बसेको बैठकमा दिगो विकास लक्ष्यको मध्यावधि समीक्षा अध्ययनको अवधारणापत्र प्रस्तुतिपछि अध्यक्ष तिमिल्सिनाले भने, 'सरकारले दिगो विकासका लक्ष्य प्राप्तिका लागि योजना बनाएको छ तर व्यवहारमा साँच्चिकै त्यहीअनुसार बजेट विनियोजन भएको छ/छैन भन्नेबारे अध्ययन हुनसकेमा आगामी बजेट निर्माणमा सहयोग पुग्न सक्छ।'

बैठकमा सचिव रोजनाथ पाण्डेले नेपालमा दिगो विकासको लक्ष्य कार्यान्वयनका सम्बन्धमा संसदीय अध्ययन तथा मूल्याङ्कनसम्बन्धी अवधारणापत्र प्रस्तुत गरेका थिए।

'समिति सबै पालिकामा पुग्न सम्भव छैन। योजना आयोगसँगको सल्लाहमा ७७ जिल्लामा जिल्ला समन्वय समितिको सहयोगमा अध्ययन गर्न सकिन्छ। पालिकालाई अझ जिम्मेवार बनाउन दिगो विकासका लक्ष्य प्राप्तिका महत्त्व बुझ्न आवश्यक छ', अध्यक्ष तिमिल्सिनाले भने।

उनले दिगो विकासको सबै लक्ष्य प्राप्तिका लागि विगत पाँच वर्षको दौरानमा भएका काम र आगामी समयावधिमा गर्न सकिने कामबारे तथ्यांकसहित अध्ययन गर्न उनले निर्देशन दिए। उनले सरकारीसँगै गैरसरकारी क्षेत्र र सङ्घसंस्थाले दिगो विकासको लक्ष्य हासिलमा पुऱ्याएको योगदान र भूमिकाबारे तथ्याङ्कसहितको अध्ययन हुनुपर्ने बताए।

राष्ट्रिय सभाका उपाध्यक्ष उर्मिला अर्यालले दिगो विकासको लक्ष्य प्राप्तिका लागि स्थानीय तहबाट भएका प्रयासबारे अध्ययन गर्नुपर्ने बताइन्।

उनले भने, 'स्थानीय तहबाटै कार्यान्वयन नभएसम्म लक्ष्य हासिल हुन सक्दैन। अहिलेसम्म स्थानीय तहबाट लक्ष्य प्राप्तिका लागि भएका प्रयास र अबको बाँकी अवधिमा हुनुपर्ने कामबारे सरकारको ध्यानाकर्षण गर्न समिति तदारूकताका साथ जानुपर्छ।'

दिगो विकास लक्ष्यको विगत सात वर्षको कार्यान्वयन अवस्थाबारे समितिले अध्ययन गर्नेछ।

दिगो विकास लक्ष्य कार्यान्वयन चरणको आधा अवधि सकिएको छ।

आगामी बजेटको छलफल हुनुपूर्व नै प्रारम्भिक प्रतिवेदन पेस गर्ने उद्देश्यसहित सो अध्ययन फागुन १५ गतेदेखि वैशाख ३० गतेसम्म सम्पन्न गर्ने बैठकमा छलफल भएको थियो।

# रिलायबल नेपाल लाइफद्वारा प्रहरीलाई सहयोग




**काठमाडौं/रास-** रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले स्थापनाको छोटो समयमा नै नेपाली बिमा बजारमा ५० लाखभन्दा बढी बिमालेख जारी गरी छुट्टै पहिचान राख्न सफल भएको छ।

कम्पनीले बेला बखतमा गर्ने गरेको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मंगलबार सडक दुर्घटनाको जोखिम न्यूनीकरणका निम्ति जिल्ला प्रहरी परिसर ललितपुर लाई १२ (बाह्र) थान सडक डिभाइडर सहयोग गरेको छ। उक्त हस्तानतरण कार्यक्रममा जिल्ला प्रहरी परिसर ललितपुरका प्रमुख सिद्धि बिक्रम शाहले दुर्घटनाको जोखिम न्यूनीकरण गर्न यसले धेरै सहयोग पुग्ने बताए।

यसका साथै कम्पनीका वरिष्ठ सहायक महाप्रबन्धक दिपेश बाबु तिवारीले कम्पनीले बेला बखत गर्ने संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सडक दुर्घटनाको जोखिम न्यूनीकरण गर्न यस कम्पनीले जिल्ला प्रहरी परिसर ललितपुरलाई सडक डिभाइडर सहयोग गर्न पाउँदा खुसी भएको व्यक्त गरे।

फेरि पनि आउँदा दिनमा आवश्यक परेको खण्डमा सहयोगका लागि निरन्तरता दिने बताए।

# एक्साइडको नयाँ विद्युतीय रिक्सा ब्याट्री

## १५ महिना लामो वारेन्टी भएको एकमात्र ब्याट्री




**काठमाडौं/रास-** सिप्रदी ट्रेडिङ प्रालिले एक्साइड ब्रान्डको विद्युतीय रिक्सामा प्रयोग हुने नयाँ ई-रिक्सा ब्याट्रीको नेपाली बजारमा बिक्रीवितरण सुरु गरेको छ। एक्साइड ब्रान्डको ई-रिक्सा ब्याट्री नेपालको एक मात्र १५ महिना लामो वारेन्टी भएको ब्याट्री हो।

विश्वप्रसिद्ध एक्साइड ब्रान्डको ई-रिक्सा ब्याट्री फ्याक्ट्रीबाट पहिले नै चार्ज हुने भएकाले सिधा जडान गर्न सकिने छ। साथै विशेष अलोई प्रणाली भएका यी ब्याट्रीले छिटो चार्ज हुनुका साथै प्रशोधित पानीको पनि कम खपत गर्छन। यसैगरी, यिनीहरुमा रगेड ट्युबलर पोजिटिभ प्लेटको विशेषता भएकाले यसले विद्युतीय रिक्साको भार तान्न सक्ने क्षमतामा अधिकतम वृद्धि गर्दछ। आफ्नो उत्कृष्ट रसायनिक एवं अन्य गुणका कारण यो नयाँ उत्पादनले छोटो समयमै ग्राहकको मन जित्नेमा सिप्रदी ढुक्क रहेको बताइएको छ।

कम्पनीका अनुसार कुनै पनि पुरानो ब्याट्री साटेर नयाँ एक्साइड ब्याट्री पनि ग्राहकले प्राप्त गर्न सक्नेछन्।

# सेयर बजारमा दोहोरो अंकले गिरावट

**काठमाडौं/रास-** साताको चौथो दिन सेयर बजार सूचक नेप्से दोहोरो अंकले घटेको छ। यस दिन नेप्से सूचक २१ दशमलव ४४ अंकले घटेर १ हजार ९९५ दशमलव ४९ को बिन्दुमा पुगेको छ।

आगामी २५ फागुनमा हुने राष्ट्रपतिको चुनाव र ३ चैतमा हुने उपराष्ट्रपतिको निर्वाचनलाई लिएर माओवादी र एमालेबीच सत्ताको दलीय समीकरण फेरिए लगतै घट्न सुरु गरेको सेयर बजार बुधबार पनि घटेको छ।

यस दिन २५७ कम्पनीको करिब १ अर्ब २८ करोड ८३ लाख ६३ हजार ४२४ रुपैयाँ बराबरको ३७ लाख २९ हजार ९७६ कित्ता सेयर कारोबार भएको छ। नेप्से सूचक २४ दशमलव ४४ अंकले घटेर १ हजार ९९५ दशमलव ४९ बिन्दुमा आएको छ। सूचक घटे पनि आदर्श लघुवित्तको सेयर मूल्यमा भने सकारात्मक सर्किट लागेको छ।

बुधबार अपर तामाकोसी हाइड्रोपावरको सर्वाधिक ८ करोड ७२ लाख ३७ हजारको कारोबार भएको छ। शिवम् सिमेन्टको ८ करोड ४० लाख ८० हजार र हिमालयन डिस्टिलरीको ३ करोड ३६ लाख ४० हजारको कारोबार भएको छ। यस दिन कारोबारमा आएका सबै उपसूचक घटेका छन्। सबैभन्दा धेरै लघुवित्त उपसमूह २ दशमलव ६५ प्रतिशत र उत्पादन तथा प्रशोधन २ दशमलव २८ प्रतिशतले घटेका छन्। आदर्श लघुवित्तको सेयर मूल्य १० प्रतिशतले बढ्दा बोटलर्स नेपाल तराईको सेयर मूल्य सर्वाधिक ९ दशमलव ६१ प्रतिशतले घटेको छ।

त्यस्तै 'क'वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स ३ दशमलव ५६ अंकले घटेर ३७८ दशमलव ३७ को बिन्दुमा पुगेको छ।


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FLAT GRILL | OPEN | BLACK + DECKER | LGM70-B5 | 2200 Watt | CHINA | PCS | NPR | 13,550/- | |
| 2. | AEROFRY | OVEN | BLACK + DECKER | AOF100-B5 | 12 Ltr | CHINA | PCS | NPR | 37,950/- | |
| 3. | SANDWICH MAKER | 2 SLICE | BLACK + DECKER | TS2000-B5 | 750 Watt | CHINA | PCS | NPR | 4,740/- | |
| 4. | SANDWICH AND WAFFLE MAKER | 3 IN 1 | BLACK + DECKER | TS2090-B5 | 750 Watt | CHINA | PCS | NPR | 9,010/- | |

विक्रेता फर्मको नाम: सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर

स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१



## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, स्तर निर्धारण तथा सम्बन्धन महाशाखा सानोठिमी, भक्तपुरको

## श्री रोज ब्यूटी पार्लर एण्ड ट्रेनिङ्ग सेन्टर का.म.न.पा. १४ रविभवन, काठमाण्डौको नाम परिवर्तन सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी जरुरी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/११/१८

यस परिषद् कार्यालयबाट छोटो अवधिको क्रमशः Beautician-390 hrs, Beautician 670 hrs, Assitant Tailoring-390 hrs र Mobile Phone Repairer-390 hrs को सम्बन्धन/स्वीकृति लिइएको संस्था श्री रोज व्यूटी एकेडेमी कायम गराई पाउँ भनी पेश गरेको निवेदन माथि कारवाही हुँदा यस परिषद् कार्यालयको मिति २०७२/१०/०५ गतिको निर्णयानुसार नाम परिवर्तन सहमति/स्वीकृति प्रकृया अगाडी बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि माग भै आए अनुसार संस्थाको नाम परिवर्तन भै नयाँ नाम रोज व्युटी एकेडेमी कायम हुने र म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

सम्पर्कका लागि
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**



## सानिमा बैंक लिमिटेड, शाखा कार्यालय विरौटाको धितोमा रहेको सम्पतीको लिलाम बिक्री हुने सम्बन्धी १५ दिने सार्वजनिक सूचना।

तपसिलमा उल्लेखित ऋणीले यस बैंकसँग गरेको सम्झौता बमोजिम यस बैंकबाट लिएको कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना व्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको र बैंकबाट पटक पटक मौखिक तथा लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकाले **मिति २०७९ असार ७** गतेको **"राजधानी"** राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना र मिति २०७९ मंसिर १३ गतेको "राजधानी" राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्री गर्ने सम्बन्धमा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरी सम्पूर्ण कर्जा रकम चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानुहुने ईच्छुक महानुभावहरूले तल उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौ वा शाखा कार्यालय विरौटामा पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, तपसिल बमोजिमको धितो सुरक्षणमा रहेको सम्पत्ती लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तीको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ। धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरी पाँऊ भनि कहिं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै धितो बन्धकीमा रहेको सुरक्षण सम्पत्ती बिक्री गर्दा पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानीकर्ताको घर घरानाको अन्य चल अचल श्रीसम्पत्तीबाट लेना रकम असुल/उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ता तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा सम्बद्ध व्यक्तिहरू समेतले सम्पत्ती लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

**ऋणीको नाम, थर र ठेगाना :**
गजाधर रानाभाटको नाति, कृष्ण बहादुर रानाभाटको छोरा स्याङजा जिल्ला, वाङसिङ्ग गा.वि.स./उ.म.न.पा वडा नं. २ घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा १५ मा बस्ने **सुनिल रानाभाट**।

**व्यक्तिगत जमानकर्ताहरूको नाम, थर र ठेगाना :**

| | |
|---|---|
| खुमकान्त न्यौपानेको छोरी, सुनिल रानाभाटको श्रीमती स्याङजा जिल्ला, वाङसिङ्ग देउराली गा.वि.स वडा नं. २ घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा १५ मा बस्ने कल्पना न्यौपाने रानाभाट। | पुर्ण भद्र पाध्याको नाति, लोक नाथ पाध्याको छोरा स्याङजा जिल्ला, विचारी चौतारी गा.वि.स./उ.म.न.पा वडा नं. १ घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं ५ बस्ने झलक नाथ पौडेल। |

**धितो सुरक्षणको विवरण**
धनी सानिमा बैंक लिमिटेड (ऋणी श्री सुनिल रानाभाट) को नाममा नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, विरगंजमा दर्ता रहेको सवारी साधन नं ना ८ ख ४०७० को ईन्जिन नं BAJZK23984 र च्यासिस नं- MA1QDAHRCJ6L99892 को Mahindra Torro 25 Tipper.

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरूः**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौँ वा शाखा कार्यालय विरौटाबाट रू. ५००/-बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा १० (दश) प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५११५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौँमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. उल्लेखित सवारी साधनको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय विरौटामा सम्पर्क गर्न सकिने छ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सवारी साधन आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. नामसारी गर्दा सम्बन्धित यातायात कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले २०७९ साल चैत्र महिना २ गते कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थानः**
**मिति : २०७९ साल चैत्र महिना ६ गते।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ।**
**समय : दिनको २.३० बजे।**

सानिमा बैंक | www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## एभरेष्ट बैंक लिमिटेड मिर्चैया शाखाको धितोमा रहेको चल अचल सम्पत्तिहरू लिलाम बिक्रीको लागि गोप्य सिलबन्दी बोलपत्र आव्हानको सूचना।

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरु ले आफ्नो व्यक्तिगत तथा व्यापार व्यावसाय सञ्चालन र सवारी साधन खरिद गर्न यस बैंकको मिर्चैया स्थित शाखा कार्यालयबाट प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज, थपब्याज आदि तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रुपमा सूचना गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरी बैंकको ऋणकर्जा नतिरे नबुझाएको हुँदा ऋणकर्जा चुक्ता भुक्तानी गर्न **मिति २०७९ श्रावण १७ गते मंगलबारको नागरिक राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना** प्रकाशित गरी ऋणीहरु लगायत धितो लेखिदिने र व्यक्तिगत जमानी दिनेलाई सूचित गर्दा समेत कर्जा भुक्तानीमा कुनै चासो नदेखाएकोले उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जग्गा तथा उक्त जग्गामा भएको निर्माणहरु समेत सम्पूर्ण जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, अन्य प्रचलित कानुन बमोजिम तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सक्नुहुनेछ।

**तपसिल**

**ऋणीहरुको नाम, ठेगाना :**

१) श्री फगुनी साहको नाति, भागिरथ साहको छोरा सिराहा जिल्ला रामनगर गा.वि.स. वडा नं. २ (हाल सिराहा जिल्ला मिर्चैया न. पा. वडा नं. ५) बस्ने वर्ष ५५ को (ना. प्र नं. १३६८, जारी मिति २०४४।०२।२९, सिराहा जिल्ला) **श्री अजब लाल साह।**

२) प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६/०३/२९ मा घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहामा सा.फ. प्रा.फ.र.नं.घ.उ.सि.: ९८०६/०७५/०७६ अन्तर्गत दर्ता कायम भएको सिराहा जिल्ला मिर्चैया न. पा. वडा नं. ५ स्थित **श्री जानकी ढुवानी सेवा**का प्रोप्राईटर श्री फगुनी साहको नाति, भागिरथ साहको छोरा सिराहा जिल्ला रामनगर गा.वि.स. वडा नं. २ (हाल सिराहा जिल्ला मिर्चैया न. पा. वडा नं. ५) बस्ने वर्ष ५५ को (ना. प्र नं. १३६८, जारी मिति २०४४।०२।२९, सिराहा जिल्ला) **श्री अजब लाल साह।**

**व्यक्तिगत जमानी तथा धितो जमानी दिनेको नाम, थर ठेगानाः**

१) ऋणी श्री अजब लाल साहले लिएको कर्जाको सुरक्षण स्वरुप व्यक्तिगत जमानी उपलब्ध गराउनेः क. श्री भागिरथ साहको बुहारी, देव नारायण पजीयारको छोरी अजव लाल साहको पत्नी सिराहा जिल्ला रामनगर गा.वि.स. वडा नं. २ (हाल सिराहा जिल्ला मिर्चैया न. पा. वडा नं. ५) बस्ने वर्ष ५० की (ना. प्र नं. ०६२१४११०, जारी मिति २०४५।०२।४, धनुषा जिल्ला) **श्रीमती रेणु कुमारी।**

२) ऋणी श्री जानकी ढुवानी सेवाले लिएको कर्जाको सुरक्षण स्वरुप व्यक्तिगत जमानी उपलब्ध गराउनेः

क. श्री भागिरथ साहको बुहारी, देव नारायण पजीयारको छोरी अजव लाल साहको पत्नी सिराहा जिल्ला रामनगर गा.वि.स. वडा नं. २ (हाल सिराहा जिल्ला मिर्चैया न. पा. वडा नं. ५) बस्ने वर्ष ५० की (ना. प्र नं. ०६२१४११०, जारी मिति २०४५।०२।४, धनुषा जिल्ला) **श्रीमती रेणु कुमारी।**

ख. श्री भागिरथ साहको नाति, अजव लाल साह साहको छोरा सिराहा जिल्ला रामनगर गा.वि.स. वडा नं. २ (हाल सिराहा जिल्ला मिर्चैया न. पा. वडा नं. ५) बस्ने वर्ष २९ को (ना. प्र नं. १५१०९०।४०८४, जारी मिति २०६७।०२।२८, सिराहा जिल्ला) **श्री सुधिर कुमार साह।**

ग. श्री भागिरथ साहको नाति, अजव लाल साहको छोरा सिराहा जिल्ला रामनगर गा.वि.स. वडा नं. २ (हाल सिराहा जिल्ला मिर्चैया न. पा. वडा नं. ५) बस्ने वर्ष २९ को (ना. प्र नं. १५१०९०।४०२०, जारी मिति २०६७।०२।२३, सिराहा जिल्ला) **श्री सुनिल साह।**

**सूचनामा उल्लेखित दुई वटै ऋणीहरुले उपलब्ध गराएको धितोमा रहेको लिलाम बिक्री गरिने सम्पत्तिहरुको विवरणः**

**क) जग्गा**

१) अजब लाल साहको नाममा दर्ता कायम रहेको सिराहा जिल्ला ग. महेशपुर गा. वि. स. वडा नं. ६ (हाल मिर्चैया न.पा. वडा नं. १०) स्थित कित्ता नं. २, ३, ६ ,५ क्षेत्रफल क्रमशः ०-४-६ (वि-क-धु), ०-३-४ (वि-क-धु), ०-८-१ (वि-क-धु) र ०-६-११ (वि-क-धु) को जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत।

२) अजब लाल साहको नाममा दर्ता कायम रहेको सिराहा जिल्ला कर्जन्हा गा. वि. स. वडा नं. ५ क (हाल कर्जन्हा न.पा. वडा नं. ११) स्थित कित्ता नं. ३४७२ क्षेत्रफल ०-२-० (वि-क-धु) को जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत।

**ख) सवारी साधन**

| | | |
|---|---|---|
| १) मोडलः Ashok Leyland Tripper<br>दर्ता नं.: स १ ख ९१०<br>इन्जिन नं.: JKHZ107862<br>च्यासिस नं.: MB1HTLFC5JRKA5487<br>बनेको सालः 2019 | २) मोडलः Ashok Leyland Tripper<br>दर्ता नं.: स १ ख ९११<br>इन्जिन नं.: JKHZ107591<br>च्यासिस नं.: MB1HTLFC5JRKA5242<br>बनेको सालः 2019 | ३) मोडलः Isuzu Pickup V-Cross<br>दर्ता नं.: प्र २ ०२ ००१ च ०१४६<br>इन्जिन नं.: A1K655<br>च्यासिस नं.: M3GTGS864JB600963<br>बनेको सालः 2018 |

**शर्त बन्देजहरु**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितीले १५ (पन्ध्र) दिन अर्थात **२०७९ साल चैत्र महिना २ गते** भित्र बैंकको मिर्चैया स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।

२) बोलपत्र साधा कागजमा लेखी बोलपत्रवालाको हस्ताक्षर सहित खाम बन्दी गरी वाहिर **(मिति २०७९/११/१८ गतेको राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसारको घर/जग्गा/सवारी साधन (गाडि) को बोलपत्र)** समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३) बोलपत्रमा आफुले कुन चाहिँ धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत बैंक ड्राफ्ट बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ। बैंक ड्राफ्ट वाहेक अन्य कुनै किसिमका धरौट स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन।

४) यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिन अर्थात **२०७९ साल चैत्र महिना ३ गते शुक्रबार अपरान्ह १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५) बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।

६) म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७) बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कवोल गरेको धरौटी वाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।

८) लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९) लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको मिर्चैया शाखाको कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०) बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंकले उक्त सम्पत्तिको स्वमित्व आफ्नो नाममा सकार गरी लिन सक्नेछ।

११) गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२) प्राप्त भएको गोप्य शिलबन्दी मार्फत सबैभन्दा बढी बोलअंक राखि गोप्य शिलबन्दी पेश गर्ने बोलपत्रदाताको प्रस्ताव आंशिक वा पूर्ण रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसँग नै सुरक्षित रहनेछ।

१३) धितोबन्धक लेखिदिएको घरजग्गा तथा सुरक्षणमा रहेको सवारी साधन लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित कानुन तथा बैंकको ऋण असुली निति बमोजिम असुल उपर गरिनेछ।

१४) धितोदिने तथा व्यक्तिगत जमानी दिने तपसीलका महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**पुनश्चः (धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेहरुलाई सूचना) :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र शिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याकंन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुन छैन। साथै तहांहरुबाट बैंकको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार लिएमा वा बैंक आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र उक्त जग्गा तथा घर खाली गरी बैंकलाई हस्तान्तरण गर्नु हुन समेत सूचित गरिएको छ। उक्त सम्पत्ति लिलाम बिक्रि गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभई बांकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सूचनाबाट थप जानाकारी गराइएको छ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank India)

शाखा कार्यालय, मिर्चैया, सिराहा।
फोन नं.:०३३-५५०८६६

Consistent, Strong & Dependable

# मछिन्द्र केपी ओली कप च्याम्पियन



**राजधानी समाचारदाता**
काठमाडौं

लगातार दुईपटकको लिग च्याम्पियन मछिन्द्र फुटबल क्लब पहिलो संस्करणको केपी ओली कप राष्ट्रिय फुटबल च्याम्पियनसिपको च्याम्पियन बनेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बुधबार भएको फाइनलमा सातदोबाटो युथ क्लबलाई पेनाल्टी सुट आउटमा ५-३ ले पराजित गर्दै च्याम्पियन बन्न सफल भएको हो ।

लगातार दोस्रो दिन दुई फाइनल खेलेको मछिन्द्रले दोस्रो फाइनलमा भने सफलता हासिल गरेको हो । झापामा मंगलबार भएको मुस्ताङ भद्रपुर झापा गोल्डकपको फाइनलमा मछिन्द्र पेनाल्टीमै त्रिभुवन आर्मी क्लबसँग पराजित भएको थियो । बुधबार निर्धारित समयको खेल १-१ को बराबरीमा सकिएपछि खेलको निर्णय सिधै पेनाल्टीबाट लिइएको थियो । जसमा गोलरक्षक विशाल श्रेष्ठ नायक बन्दा मछिन्द्र च्याम्पियन बन्न सफल भयो । पेनाल्टीमा मछिन्द्रका रेजिन धिमाल, दिवाकर चौधरी, सुजल श्रेष्ठ, पुजन उपरकोटी र ओमोलाजा करिमले गोल गरे ।

सातदोबाटोका निरज चौधरी, दीपेनराज सिंह र एकराज बुढाथोकीले गोल गर्दा तेस्रो पेनाल्टी प्रहार गर्न आएका अब्दुल अबु बुकारीको प्रहारलाई मछिन्द्रका गोलरक्षक विशालले बचाए । त्यसअघि निर्धारित पाँचौं मिनेटमा ओलावाले ओलाडिपो अफिजको गोलबाट मछिन्द्रले १-० को अग्रता लिएको थियो । देवेन्द्र तामाङको लामो पासलाई नियन्त्रणमा लिँदै ओलावाले हेडरमार्फत गोल गर्न सफल भएका थिए । तर, मछिन्द्रको त्यो अग्रता लामो समय टिकेन । १८औं मिनेटमा जोर्डन जुनियर ओआनाले कप्तान सुदीप गुरुङको पासमा हेडरमार्फत गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । प्रतिस्पर्धात्मक बनेको खेलमा त्यसपछि दुवै टोलीले गोलको केही अवसर सिर्जना गरे पनि सदुपयोग गर्न नसक्दा खेल पेनाल्टीमा पुगेको थियो ।

उपाधिसँगै मछिन्द्रले १० लाख रुपैयाँ र सिल्ड जितेको छ । दोस्रो भएको सातदोबाटोले ५ लाख रुपैयाँ हात पारेको छ । मछिन्द्रका डिफेन्डर देवेन्द्र तामाङ च्याम्पियनसिपको सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनले १ लाख रुपैयाँ र सिल्ड प्राप्त गरे । मछिन्द्रका गोलरक्षक विशाल श्रेष्ठ उत्कृष्ट गोलरक्षक चुनिए । सातदोबाटोका दीपकराज सिंह ठकुरी च्याम्पियनसिपको सर्वाधिक गोलकर्ता चुनिए । उनले प्रतियोगिताभर उनले दुई गोल गरेका थिए । सातदोबाटोकै निरज चौधरी च्याम्पियनसिपको उदीयमान खेलाडी घोषित भए । उनीहरू सबैले समान ५० हजार रुपैयाँसँगै सिल्ड प्राप्त गरे ।

विजयी टोली तथा खेलाडीलाई नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष पंकज विक्रम नेम्वाङलगायतले पुरस्कृत गरे । नेकपा एमालेको भ्रातृ संगत राष्ट्रिय युवा संघ नेपालको आयोजनामा ११ फागुनबाट सुरु भएको च्याम्पियनसिपमा आठ टोलीको सहभागिता रहेको थियो ।

# इटालियन भिन्सेन्जो नेपालको मुख्य प्रशिक्षक

**राजधानी समाचारदाता**
काठमाडौं



नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीको मुख्य प्रशिक्षकमा इटालियन भिन्सेन्जो अल्बर्टो अनेस नियुक्त भएका छन् । एन्फाको बुधबार बसेको चौथो कार्यसमिति बैठकले अनेसलाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको हो ।

एन्फाले मुख्य प्रशिक्षकका लागि आवेदन आह्वान गरेको थियो । १ सय ६८ जनाको आवेदन पर्दा एन्फाले २० जनालाई अन्तिम सूचीमा राखेको थियो । त्यसबाटै भिन्सेन्जो अल्बर्टो अनेस मुख्य प्रशिक्षक बनेका हुन् । इटालियन अनेससँग यूईएफए प्रो लाइसेन्स छ । उनी इन्डियन सुपर लिगमा नर्थ इस्ट युनाइटेडका मुख्य प्रशिक्षक थिए । उनले गोकुलम केरला एफसीलाई दुईवटा लिग उपाधि दिलाएका थिए । ३८ वर्षीया सन् २०१९ मा एक वर्ष बेलिज राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षक पनि थिए ।

विवादित प्रशिक्षकको छवि बनाएका कुवेतका तत्कालीन मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले गत भदौमा राजीनामा दिएपछि नेपाली टोली मुख्य प्रशिक्षकविहीन बनेको थियो । एन्फाले अलुमताइरीले राजीनामा दिएको तीन महिनापछि मंसिरमा मुख्य प्रशिक्षकका लागि दरखास्त आह्वान गरेको थियो । मुख्य प्रशिक्षक नियुक्तिबिनै एन्फाले २ अन्तर ाष्ट्रिय मैत्रीपूर्ण खेल खेलिसकेको छ । अलगअलग प्रशिक्षक नियुक्त गर्दै एन्फाले २ मैत्रीपूर्ण खेलाएको थियो । दशरथ रंगशालामा गत असोजमा ११ गते भएको मैत्रीपूर्ण खेलमा अमेरिका निवासी प्रदीप हुमागाईंलाई एन्फाले कार्यवहाक मुख्य प्रशिक्षक बनाएको थियो । सो खेलमा अञ्जन विष्टको ह्याट्रिकमा नेपालले बंगलादेशमाथि ३-१ को जित निकालेको थियो । यस्तै, गत कात्तिक ३० मा पाकिस्तानसँगको मैत्रीपूर्ण खेलका लागि एन्फाले प्रवेश कटुवाललाई प्रशिक्षकमा नियुक्त गरेको थियो ।

सो खेलमा पनि अञ्जनकै गोलमा नेपाल १-० ले विजयी भएको थियो । अलमुताइरी २०७७ चैतमा नेपालको मुख्य प्रशिक्षक नियुक्त भएका थिए । उनको प्रशिक्षणमा नेपालले १९ खेल खेल्दा ५ जित, २ बराबरी र १२ हारको नतिजा निकालेको छ । यसमा नेपालले १६ गोल गर्दा ४६ गोल बेहोरेको छ । ५ सय २५ दिन नेपालको प्रशिक्षक बनेका अलमुताइरीले आफ्नो कार्यकालमा सबैभन्दा धेरै १६ खेलाडीलाई डेब्यु गराएका थिए । एन्फा नेतृत्व र राष्ट्रिय टोलीकै खेलाडीसँग विवादमा मुछिएका अलमुताइरीले राजीनामा दिएका थिए ।

**एपीएफ विजेता घोषित**

लिग स्थगित भएको झन्डै ११ महिनापछि अखिल नेपाल फुटबल संघ (एन्फा)ले नेपाल एपीएफ फुटबल क्लबलाई राष्ट्रिय महिला लिग २०७८ को विजेता घोषणा गरेको छ । एन्फाको बुधबार बसेको चौथो केन्द्रीय कार्यसमिति बैठकले शीर्षस्थानमा एपीएफलाई विजेता घोषणा गरेको हो । पहिलो राउन्डको खेल सकिँदा एपीएफ शीर्षस्थानमा रहेको थियो । नेपाल पुलिस क्लब दोस्रो तथा त्रिभुवन आर्मी फुटबल क्लब तेस्रो भएको छ । विजेता बनेसँगै एपीएफले ७ लाख रुपैयाँ प्राप्त गरेको छ ।

# कराते टोली सारजाह प्रस्थान

**राजधानी समाचारदाता**
काठमाडौं



प्रथम इमिरेट्स स्पोर्ट्स कराते खुला च्याम्पियनसिपमा सहभागी हुन १४ खेलाडीसहित २४ सदस्यीय नेपाली कराते टोली बुधबार सारजाह प्रस्थान गरेको छ ।

मार्च ३ देखि ५ तारिखसम्म हुने प्रतियोगितामा मोहनलाल थापा, मन्दिप खड्का, श्रीकिसुन शाह, गणेश पाइजा, देवकुमार तामाङ, रोजिता ढुंगेल, विनिता श्रेष्ठ, निरुपा दोङ तामाङ, सुस्मिता वाइबा, सोनु श्रेष्ठ, बिनुमाया तामाङ, अमृत तामाङ, रामकुमार जिसी र प्रेमप्रसाद नेपालले प्रतिस्पर्धा गर्नेछन् ।

प्रशिक्षकमा रामकुमार थारु र सीताराम लामा, व्यवस्थापकमा सुदर्शन थापा, निर्णायकमा साइला गमाल तथा अफिसियलमा कृष्णकुमार राई, राकेश शाक्य, भीमप्रकाश मल्ल, अनिता आङडेम्बे, रिना लिम्बू र विधानकुमार श्रेष्ठ रहेका छन् । २४ मध्ये ७ सदस्यीय टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले बुधबारै एक कार्यक्रमबीच बिदाइ गरे ।

# सिर्जना कपको सेमिफाइनल समीकरण पूरा

**राजधानी संवाददाता**
पोखरा



पाँचौं सिर्जना कपअन्तर्गत छात्रातर्फ सेमिफाइनल समीकरण पूरा भएको छ । सिर्जना विकास केन्द्र र कास्की जिल्ला भलिबल संघको संयुक्त आयोजनामा पोखरा रंगशालाको भलिबल कोर्टमा मंगलबारदेखि सुरु प्रतियोगितामा अन्तिम चारको टुंगो लागेको हो ।

बुधबारको खेलमा साबिक विजेता शान्ता मावि, जनप्रिय मावि, कन्या मावि र इन्द्रराज्यलक्ष्मी मावि सेमिफाइनल प्रवेश गरेका हुन् । बाइ पाएको साबिक विजेता शान्ता माविले पहिलो दिन गोगन हराउँदै विजयी यात्रा सुनिश्चित गरिसकेको थियो ।

दोस्रो दिनको खेलमा इन्द्रराज्यलक्ष्मीले तालवाराहीलाई २५-२० र २५-१७ सेटमा हरायो । जनप्रिय माविले भद्रकालीलाई २५-९ र २५-१२ तथा कन्याले गौरीशंकरलाई २५-१९ र २५-२२ सेटमा पाखा लगाउँदै सेमिफाइनल सुनिश्चित गरेका हुन् । बिहीबार शान्ता र जनप्रियबीच पहिलो र कन्या र इन्द्रराज्यलक्ष्मीबीच दोस्रो सेमिफाइनल हुने रेफ्री संयोजक गोपाल थापाले जनाए ।

कास्की जिल्ला सामुदायिक विद्यालय छात्रछात्रा भलिबल प्रतियोगिताअन्तर्गत छात्रातर्फ १५ टिमले भाग लिएका हुन् । छात्रतर्फ सहभागी ३० टिममध्ये भगवती, भद्रकाली, शान्ता, राष्ट्रिय, मेश्रम वराहले विजयी यात्रा कायम राख्दै क्वार्टरफाइनलमा पुगेका छन् ।

# फ्रेन्डसिपलाई राइनास कप खुला फुटबल उपाधि

**राजधानी समाचारदाता**
लमजुङ

रोयल फ्रेन्डसिप युवा क्लब लमजुङले दोस्रो राइनास कप खुला फुटबल प्रतियोगिताको उपाधि जितेको छ । पुर्वी लमजुङको राइनास नगरपालिका-६ धमिलिकुवास्थित गौलीटार क्षेत्रीय खेल मैदानमा भएको फाइनलमा कालिका युवा क्लव भण्डारथोक गोरखालाई २-० ले पराजित गर्दै फ्रेन्डसिपले उपाधि जित्न सफल भएको हो ।

उपाधिसँगै रोयल फ्रेन्डसिपले २ लाख रुपैयाँसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । दोस्रो भएको कालिकाले १ लाख रुपैयाँ, कप र मेडल हात पारेको छ । सेमिफाइनलमा पराजित मर्स्याङ्दी युवा क्लब हवाई ग्राउन्ड र बीवाईसी भोटेओडारलाई समान २० हजार रुपैयाँ प्रदान गरिएको गौलीटार क्षेत्रीय खेल मैदान समिति अध्यक्ष किरण श्रेष्ठले जानकारी गराएको छ । रोयल फ्रेन्डसिपका सागर गुरुङ सर्वोत्कृष्ट खेलाडी घोषित भए ।

फ्रेन्डसिपकै रोशन क्षत्री सर्वाधिक गोलकर्ता तथा फ्रेन्डसिपकै लिलजंग तामाङ उत्कृष्ट गोलरक्षक घोषित भएका छन् । उनीहरू सबैले समान ५ हजार रुपैयाँ र प्रमाणपत्र प्राप्त गरेको छ ।

विजयी टोली तथा खेलाडीलाई गण्डकी प्रदेशसभा सदस्य डाक्टर टकराज गुरुङ, राइनास नगरपालिकामा प्रमुख खड्गबहादुर गुरुङ, उपप्रमुख पुष्पराज खनाल, प्रमुख प्रशासकीय अधिकृत गोकर्णराज सुयल, राइनास ६ का वडा अध्यक्ष गोविन्दराज चिलुवाल, नेपाली कांग्रेस लमजुङका पूर्वसभापति तुलसीनारायण श्रेष्ठ, विभिन्न राजनीतिक दलका प्रतिनिधिसँगै क्लबका पदाधिकारीले पुरस्कृत गरे ।

फागुन १० गतेदेखि सुरु भएको प्रतियोगितामा लमजुङ, गोरखा र तनहुँका गरी विभिन्न १८ टोलीले नकआउटको आधारमा प्रतिस्पर्धा गरेका थिए । गत वर्ष १२ टोलीले प्रतिस्पर्धा गर्दा चक्रतीर्थ युवा क्लब सातविसे लमजुङ पहिलो भएको थियो ।

# लोयल्टी सेमिफाइनलमा



**काठमाडौं/रास–** आयोजक लोयल्टी 'ए' ११औं लोयल्टी कप अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगितामा बुधबार सेमिफाइनलमा प्रवेश गरेको छ ।

मन्डिखटारस्थित घरेलु मैदानमा लोयल्टीले टाइमलाइनलाई ६-० गोलले सहजै पराजित गऱ्यो । लोयल्टीका साहिल राईले २ तथा शितल तामाङ, वसन्त राउत, अश्विन थापा र येसुब खनालले १-१ गोल गरे । टाइमलाइनका सिर्जन तामाङ 'म्यान अफ द म्याच' घोषित भए । विद्या संस्कार, लिटिल एन्जल्स र त्रिज्योति पनि आ-आफ्नो खेल जित्दै सेमिफाइनलमा पुगे । विद्या संस्कारले काष्ठमण्डपलाई टाइब्रेकरमा ४-३ गोलले हरायो ।

निर्धारित समयको खेल २-२ को बराबरीमा सकिएको थियो । विद्या संस्कारका दन्चित थापा 'म्यान अफ द म्याच' चुनिए । लिटिल एन्जल्सले ज्ञानोदयलाई सडन डेथमा ६-५ ले पाखा लगायो । निर्धारित समयको खेल २-२ को बराबरीमा टुंगिएको थियो । ज्ञानोदयका उमंग डंगोल 'म्यान अफ द म्याच' बने । त्रिज्योतिले काठमाडौं भ्यालीमाथि ७-१ को सहज जित दर्ता गऱ्यो । त्रिज्योतिका आयुश बस्नेत र जेनिथ सुवेदीले ह्याट्रिक गरे । नवाङ फिन्जु लामाले १ गोल थपे । काठमाडौं भ्यालीका ओसिसजंग केसीले सान्त्वना गोल गरे । ओसिस नै 'म्यान अफ द म्याच' भए । सेमिफाइनलमा लिटिल एन्जल्सको भेट ज्ञानोदयसँग हुनेछ भने लोयल्टीले त्रिज्योतिको सामना गर्नेछ । सेमिफाइनल बिहीबार हुनेछ ।

# एनएनआईपीए स्पोर्ट्स अवार्ड चैत तेस्रो साता

**राजधानी समाचारदाता**
काठमाडौं




नेपाल राष्ट्रिय तथा अन्तर ाष्ट्रिय खेलाडी संघ (एनएनआईपीए) को आयोजनामा चैत तेस्रो साता १७औं एनएनआईपीए स्पोर्ट्स अवार्ड आयोजना हुने भएको छ । आयोजक एनएनआईपीएले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै १७औं एनएनआईपीए स्पोर्ट्स अवार्ड चैत १७ गते हुने जानकारी गराएको छ ।

वर्ष २०७८ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका अफिसियल खेलकुद प्रतियागिता नभएको हुदा यस वर्ष नेपाल ओलम्पिक कमिटीबाट आधिकारिकता प्राप्त २७ खेललाई आधार मानी सम्बन्धित संघले सिफारिस गरिएका खेलाडीलाई सम्मान गर्ने एनएनआईपीएले जनाएको छ । विगतका केही वर्षदेखि यो अवार्ड कार्यक्रम उपत्यकाको काठमाडौं, ललितपुर तथा भक्तपुरलगायतका विभिन्न ऐतिहासिक, सांस्कृतिक सहरमा आयोजना भइसकेकोमा यसपटक काठमाडौंमा हुने आयोजकले जनाएको छ ।

२७ खेलका उत्कृष्ट खेलाडीलाई १० हजार रुपैयाँ प्रदान गरिनेछ । २७ उत्कृष्ट खेलाडीमध्येबाट एक जना पुरुष र एक जना महिला खेलाडीलाई सर्वोत्कृष्ट खेलाडी घोषण गरिनेछ । उनीहरूलाई १ लाख रुपैयाँ र सम्मानपत्र प्रदान गरिनेछ । एक पुरुष र एक महिला प्रतिभाशाली खेलाडीलाई ५० हजार रुपैयाँ र सम्मानपत्र प्रदान गरिनेछ ।

एक जना पाका खेल व्यक्तिलाई गजराज आदर्श खेल व्यक्तित्वबाट सम्मानसँगै ३५ हजार रुपैयाँ प्रदान गरिनेछ । एक खेल पत्रकारलाई एनएनआईपीए खेल पत्रकारिता पुरस्कारबाट २५ हजार रुपैयाँ र सम्मानपत्रले सम्मानित गरिनेछ । एक जना पारा खेलाडीलाई वर्ष उत्कृष्ट पारा खेलाडी अवार्डसँगै १५ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ ।

**स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : **नन्दा शेरचन**, सम्पादक : **सागर पण्डित**